लेखापरीक्षण प्रतिवेदन

पटेर्वा सुगौली गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पटेर्वा सुगौली गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/468

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
पटेर्वा सुगौली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पर्सा।

कैफियतसहितको राय।

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चितकोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चितकोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ७९ लाख ६१ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २ करोड ६७ लाख ९० हजार,र स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु .२९ लाख ९९ हजार समेत गरी रु. १० करोड ७७ लाख ५१ हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू. १४ करोड ८३ लाख १८ हजार, समपूरक अनुदान रू. ५० लाख र विशेष अनुदान रू. ५० लाख समेत रू. १५ करोड ८३ लाख १८ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. २ करोड २५ लाख ११ हजार बचत रहेको छ । उक्त रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।
३. गाउँपालिकाको लागि प्रदेश सरकारबाट विशेष अनुदान रू. ३० लाख प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. १ सय ५० बचत रहेको छ। उक्त रकम आर्थिक वर्षको समाप्ति पश्चात् प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ।
४. गाउँपालिकाको रु. ९९ करोड ९३ लाख ३० हजार लेखापरीक्षण गरिएकोमा रू. ८० लाख ५५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ११ लाख ६५ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल

गर्नुपर्ने रू. ४ लाख ९१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५२ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु. ३ लाख ७ हजार र पेस्की बाँकी रु. ८ लाख ६२ हजार रहेको छ। गत वर्षसम्म रु. २५ करोड ६२ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा यस बर्षको वेरुजु रु ६८ लाख ९१ हजार समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २६ करोड ३१ लाख १२ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

५. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, ईन्धन तथा विविध खर्चमा नियन्त्रण हुन नसकेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ईन्द्र प्रसाद आचार्य)

नायब महालेखापरीक्षक

undefined

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
९८	८१	८०,५५,४७५	०	४३	११,६४,८७९	०	९८	३८	६८,९०,५९६	४,९०,९८०	३,०६,८००	५२,३०,८१६	०	०	५५,३७,६१६	८,६२,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पर्सा	२५६२२१०००	०	०	२५६२२१०००	०	६८९०५९६	२६३१११५९६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	३.४	कर दायित्व	६,६४,०४७
२	२०८०/८१	२६.४	श्री गढिमाई उपभोक्ता समितिको बहाल कर असुल	१०,२१३
३	२०८०/८१	२८.८	प्रतिवेदन तयार	५,१००
४	२०८०/८१	२८.१०	करार कर्मचारी महंगी भत्ता	३,२४,०००
५	२०८०/८१	२९.२, २९.७	पारिश्रमिक कर	५६,००७

६	२०८०/८१	२९.३	बढी ग्रेड भुक्तानी	१,००,१७१
७	२०८०/८१	३८.६	खरिद तर्फः पूर्व निर्धारित क्षतिपूर्ति	५,३४१
जम्मा				११,६४,८७९

लेखापरीक्षण बक्यौताको विवरण नभएको

कार्यालय कोड	कार्यालयको नाम

(८०२२२५०८३०० - पटेर्वा सुगौली गाउँपालिका, पर्सा)

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह÷अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पटेर्वा सुगौली गाउंपालिकामा ५ वडा रहेका छन भने क्षेत्रफल ६४.२९ वर्ग किलोमिटर तथा २५४९८ जनसंख्या रहेको र २०७३।११।२७ मा स्थापना भई संचालनमा रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।१३ देखि २०८१।१०।१५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३१५७३१।० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	आन्तरिक आय	२८८६०६
२	पारिश्रमिक कर	१२४००
३	बढि भुक्तानी	७२२५
४	पारिश्रमिक कर	७५००
जम्मा		३१५७३१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

एकिकृत आय व्यय विवरण

सि. नं	आय तर्फ			सि. नं	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		२०८१४७७१.१२	१	आन्तरिक श्रोत तर्फ जम्मा खर्च		४४४५८७८९.००
	क) नगद	०			क) आन्तरिक श्रोत चालु तर्फ	२६३०७११८.००	
	ख) बैंक	२०८१४७७१.१२			ख) आन्तरिक श्रोत पूँजिगत तर्फ	१८१५१६७१.००	
२	राजस्व (आन्तरिक आय)		१०७३७०८८८.३८	२	संघीय राजस्व बाँडफाँड तर्फ जम्मा खर्च		७५१६०४८२.६४
	क) आन्तरिक राजस्व	२३४५९८७७.८५			संघीय राजस्व बाँडफाँड चालु तर्फ	६३४५३२३९.६४	
	ख) संघीय राजस्व बाँडफाँडबाट प्राप्त	६६३५८३२६.३७			संघीय राजस्व बाँडफाँड पुँजिगत तर्फ	११७०७२४३.००	
	ग) प्रदेश राजस्व बाँडफाँडबाट प्राप्त	६०९१३१६.३२		३	संघीय वित्तिय समानिकरण अनुदान तर्फ जम्मा खर्च		८४७६४२३९.५०
	घ) मालपोत राजस्वबाट प्राप्त	७३०४६८२.३६			क) संघीय वित्तिय समानिकरण अनुदान चालु तर्फ	६८३३८६१.००	
	ङ) जि स स बाट प्राप्त	४१५६६८५.४८			ख) संघीय वित्तिय समानिकरण अनुदान पुँजिगत तर्फ	७७९३०३७८.५०	
३	संघीय सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण		२४६३८९०००.००	४	प्रदेश राजस्व बाँडफाँड तर्फ जम्मा खर्च	५२६३१९०.००	५२६३१९०.००
	क) वित्तिय समानिकरण अनुदान	८८०७१०००.००		५	स्थानिय राजस्व बाँडफाँड तर्फ जम्मा खर्च	६९२९८१८.८०	६९२९८१८.८०
	ख) सशर्त अनुदान	१४८३१८०००.००		६	संघीय सशर्त अनुदान तर्फ जम्मा खर्च		१४९३२८३७०.००
	ग) विशेष अनुदान	५००००००.००			क) को.ले.नि.का. फिर्ता	२२५११२०.०९	
	घ) समपुरक अनुदान	५००००००.००			ख) सशर्त अनुदान चालु	१२१५११४५५.९१	
४	प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण		१०४४८०००.००		ग) सशर्त अनुदान पूँजीगत	५३०५७९४.००	
	क) वित्तिय	७४४८०००.००		७	विशेष अनुदान तर्फ	४५१०३२०.००	४५१०३२०.००

	समानिकरण अनुदान				जम्मा खर्च		
	ख) विशेष अनुदान	३००००००.००		८	समपुरक अनुदान तर्फ जम्मा खर्च	४५४०२१०.००	४५४०२१०.००
५	विषयगत निकायबाट प्राप्त रकम		१०७७५१०३५.००	९	प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण तर्फ जम्मा खर्च		९२८९००५.००
	क) सामाजिक सुरक्षा	७७९६०६३१.००			क) वित्तिय समानिकरण अनुदान	६२८९००५.००	
	ख) स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम	२९९९९९९.००			ख) प्र ले नि का फिर्ता	१५०.००	
	ग) एकीकृत स्वास्थय पूर्वाधार विकास कार्यक्रम	२६७९०४०५.००			ग) विशेष अनुदान	२९९९८५०.००	
६	विविध खर्च खातामा प्राप्त		५५९७०६५.४५	१०	विषयगत निकायबाट प्राप्त रकम तर्फ जम्मा खर्च		१०७७५१०३५.००
	क) गत वर्षको जिम्मेवारी	१३४४०२१.७५			क) सामाजिक सुरक्षा	७७९६०६३१.००	
	ख) यस वर्षको प्राप्त	४२५३०४३.७०			ख) स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम	२९९९९९९.००	
७	धरौटी प्राप्त		२२६०५९५९.७७		ग) एकीकृत स्वास्थय पूर्वाधार विकास कार्यक्रम	२६७९०४०५.००	
	क) गत वर्षको जिम्मेवारी	१०५३४४६०.००		११	विविध खर्च खाता		५५९७०६५.४५
	ख) धरौटी प्राप्त	१२०७१४९९.००			क) पूँजिगत खर्च	३९०००००.००	
८	प्रकोप व्यवस्थापन कोषमा प्राप्त		२३६३३७.००		ख) बैंक मौज्दात	१६९७०६५.४५	
	क) गत वर्षको जिम्मेवारी	२३६३३७.००		१२	धरौटी		२२६०५९५९.७७
९	खर्चमा लेखिएको तर चेक नसाटिएको		४७६०२८२.९७		क) धरौटी फिर्ता	१०३९१२८७.२१	
	क) चेक नसाटिएको	४७६०२८२.९७			ख) धरौटी बैंक मौज्दात	१२२१४६७२.५६	

				१३	प्रकोप व्यवस्थापन कोष बैंक मौज्दात		२३६३३७.००
				१४	बैंक मौज्दात		५५३८५१७.५३
					क) चालु खर्च खाता	३३३९६०८.७१	
					ख) पूँजीगत खर्च खाता	९९६८०३.९७	
					ग) आन्तरिक राजस्व खाता	१२०२१०४.८५	
	कुल जम्मा	**५२५९७३३३९.६९**	५२५९७३३३९.६९		**कुल जम्मा**	५२५९७३३३९.६९	५२५९७३३३९.६९

३ वित्तीय विवरण विश्लेषणः

३.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७७९६०६३१।०, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम तर्फ रु. २६७९०४०५।० र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम तर्फ रु. २९९९९९९।० गरी जम्मा रु.१०७७५१०३५।० सुत्रमा लेखा राखेको छैन।जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

३.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३१७२१२८।२१ र बैङ्क मौज्दात रु. ५३३०५८।९६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	२६७९४५९७.९४	३६६७३२७१५.७३	३६१७३३१५४.८५	२९१५५०८९.५७
एकीकृत आर्थिक विवरण अनुसार	२३६२२४६९.७३	३६६७३२७१५.७३	३६१७३३१५४.८५	२८६२२०३०.६१
फरक	**३१७२१२८।२१**	**०**	**०**	**५३३०५८।९६**

३.३ **फरक जिम्मेवारी** : पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ३२५९०९३३.६४ मौज्दात रहेकोमा यो वर्ष म.ले.प.फा.नं. २७०(०१) सुत्रअनुसार रु. २६७९४५९७.९४ जिम्मेवारी सारेको छ भने लेखापरीक्षणको क्रममा तयार गर्न लगाइएको एकीकृत आयव्यय विवरणमा बैंक विवरण, धरौटी, प्रकोप व्स्थापन कोष र विविध खर्च खाताको समेत गरि रु. ३२९२९५९०.६४ जिम्मेवारी सारेको छ।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा सुत्रमा रु.५७९६३३५.७० घटी जिम्मेवारी सरेको तथा एकीकृत आयव्यय विवरणमा रु. ३३८६५७.० बढी जिम्मेवारी सरेको छ । सुत्रमा घटी र एकीकृत आयव्यव विवरणमा वढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले वित्तिय विवरणमा कारण खुलाएको छैन।सुत्रमा रु.५७९६३३५.७० घटी र एकीकृत आयव्यय विवरणमा रु. ३३८६५७.० बढी जिम्मेवारी सारेको सम्बन्धमा

पालिकाले एकिन गरि हिसाव मिलान गर्नुपर्दछ ।

३.४ **कर दायित्वः**

✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६६४,०४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३.५ **बैङ्क हिसाब विवरणः-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैक स्टेटमेन्ट अनुसार	फरक	हिसाव मिलान	हिसाव मिलान बाँकी
ग १.१, आन्तरिक राजस्व खाता	३६७२५५४.७०	१५४२५४.८५	-३५१८२९९.८५	आ. व २०८१।८२ मा रु. २७००००0.० बैंक दाखिला भएको	-८१८२९९.८५
ग १.३, आन्तरिक अनुदान	३४०००००.००	०.००	-३४०००००.००	रु. ३४०००००.० बढी आम्दानी बाँधिएको	०.००
ग २.२, चालू खर्च खाता- विजोर वर्ष	८५६७५३१.९३	७१४४५१८.३४	-१४२३०१३.५९	सुत्रमा वास्तविक आम्दानी भन्दा बढी आम्दानी बाँधिएको	-१४२३०१३.५९
ग २.४, पुँजीगत खर्च खाता- विजोर वर्ष	२२४७५७०.९७	९१३९५२६.९७	६८९१९५६.०	रु. ६८९१९५६.० आ. व २०८१।८२ मा भुक्तानी भएको	०.००
ग २.७, विविध खर्च खाता	१७३०२५४.४५	१७३०२५४.४५	०.०		
ग ३.१, स्थानीय तह धरौटी खाता	१२९०००००.००	६९०७२३२.५६	-५९९२७६७.४४	रु. ५३०७४४०.० आ व २०८१।८२ मा बैंक दाखिला भएको	-६८५३२७.४४
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	९३७०२९०.२३	०.००	०.००		
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	२३६३३७.००	२३६३३७.००	०.००		

पालिकाले म.ले.फा.नं.२१२ तयार गरेको पाइएन।सुत्रमा आम्दानी बाँधिएको रकम सँग आन्तरिक राजस्व, चालु खर्च खाता, पुँजिगत खर्च खाता र धरौटी खाता बैंक स्टेटमेन्टसँग भिडान गर्दा फरक पर्न गएको देखिन्छ।पालिकाले उपलब्ध गराएको बैंक हिसाब विवरण अनुसार माथि उल्लेखित तालिकामा आन्तरिक राजस्व खातामा रु. -८१८२९९.८५ चालु खर्च खातामा रु. -१४२३०१३.५९ र धरौटी खातामा रु. -६८५३२७.४४ गरि जम्मा रु. २९२६६४०.८८ श्रेस्ता अनुसार मौज्दात भन्दा बैंक मौज्दात घटी देखिएको एकिन गरि हिसाब मिलान गर्नु पर्ने रु..

प्रमाण पेश नगरेको	२९,२६,६४१

३.६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ।आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ७१४४५१८.३४, पुँजीगत खातामा रु. ९१३९५२६.९७, आन्तरिक राजस्व खातामा रु. १५४२५४.८५, समेत रु. १६४३८३००.१६ मौज्दात रहेको पाइयो।साथै स्थानीय तह संचित कोष खाताको बैंक स्टेटमेन्ट शून्य देखिएको छ।पालिकाले तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

४ योजना तर्जुमा, बजेट तथा कार्यक्रमः

४.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०८०।३।१० गते रु.४० करोड ५० लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४.२ **बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.३ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	खर्च प्रतिशत
आर्थिक विकास	३१५५८०००.००	२७०५७६८५.००	८५.७४
पूर्वाधार विकास	९९२१४४५३.००	८४६४४४५५.५०	८५.३१
सामाजिक विकास	२०१३५७०००.००	१७४२१८८०६.९१	८६.५२
सुशासन र अन्तरसम्बन्धित क्षेत्र	६१५३०००.००	६४६३६६८.००	१०५.०५
कार्यालय संचालन तथा प्रशासनिक	७५०५५०००.००	६९३४८५३९.४४	९२.४
जम्मा	**४१३३३७४५३.००**	**३६१७३३१५४.८५**	**८७.५१**

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ८५.७४ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ८६.५२ प्रतिशत, पूर्वाधारतर्फ ८५.३१ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ १०५.०५ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च ९२.४ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ३७.६० प्रतिशत मात्र खर्च गरेको देखिंदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ।कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेको देखिन्छ। प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ।साथै सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा बजेट विनियोजन एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

४.५ **योजना छनौट र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु.१ लाख भन्दा कमको योजना	३	७४७५७
२	रू.१ लाख देखि रू.२ लाख सम्मका योजना	२२	६३१०९१३
३	रू.२ लाख देखि माथि रू.५ लाख सम्मका योजना	४०	१५६४२२३१
४	रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना	३५	२९०८७९०२
५	रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना	१८	३२७२४०१०
६	रू.२५ लाख भन्दा माथीका योजना	५	१७८४६४५१
जम्मा		**१२३**	१०१६८६२६४

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी भौगोलिक दुरी र पहँचका आधारमा एकमुष्ठ लागत अनुमान तयार गरी २० लाख भन्दा माथीका योजना निर्माण कार्यमा र प्राथमिकता प्राप्त योजनामा ध्यान दिनुपर्दछ ।

४.६ **योजना प्राथमिकीकरणः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा

आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १२३ योजनामा वजेट विनियोजन गरेकोमा पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४.७ **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. २३४५९८७७.८५ राजस्व बाँडफाँड र अनुदानबाट रु. ४४८४९९०४५.५३ समेत रु. ४७१९५८९२३.३८ आम्दानी भएकोमा चालु तर्फ रु. २२३८९८९८०.३५ र पूँजिगत तर्फ रु. १३७८३४१७४.५० समेत रु. ३६१७३३१५४.८५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.४८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८७९५४००.० खर्च भएको छ जुन आन्तरिक आयको ३७.४९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त भएको कुल रकम रु. ५२५९७३३३९.६९ को ४२.५६ प्रतिशत चालु र २६.२० प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

५ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु.हजारमा)				आषाढ महिनाको मात्र खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	संघीय पूँजीगत	१४३५६	०	०	०	१४३५६	९३८२
२	प्रदेश पूँजीगत	२९९९	०	०	०	२९९९	२९९९
३	गाउँपालिका पूँजीगत	१२०४७८	८०९२	१४२४७	२९३२६	६८८१३	४१२२३
	कूल खर्च	१३७८३३	८०९२	१४२४७	२९३२६	८६१६८	५३६०४
	खर्च प्रतिशत	१००.००	५.८७	१०.३३	२१.२७	६२.५२	३८.८९

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १३७८३३.०० खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ८०९२(५.८७) प्रतिशत, दोस्रो त्रैमासिकमा रु. १४२४७(१०.३३) प्रतिशत तेस्रो त्रैमासिकमा रु. २९३२६(२१.२७) प्रतिशत र चौथो त्रैमासिकमा रु. ८६१६८(६२.५२) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५३६०४(३८.८९) प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६ आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्ण रुपमा पालना भएको पाईएन।
- इन्धन खर्च लेख्दा PAMS मा प्रबिष्ट गरी लगबुक राखेर मात्र खर्च लेख्नुपर्नेमा PAMS मा प्रविष्ट नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही ऐन ३, नियमावली ३, कार्यविधि, निर्देशिका तथा विधेयक ८ गरि जम्मा १४ निर्माण गरेको छ। आवश्यक्ता अनुसार कानून तर्जुमा र कार्यान्वियन हुनुपर्दछ।
- भ्रमण खर्च नियमावली, २०६४ तथा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण अभिलेख बेगर, कार्यमा स्पष्ट उदेश्य तय नभई तथा भ्रमण प्रतिवेदन पेश नभई भ्रमण खर्च भुक्तानी दिने गरेको।
- स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखेको नदेखिएकोले तोकिएका म.ले.प. फारमहरु अद्यावधिक गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको परिपालनामा कमी आउने हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७ जिन्सी निरीक्षणः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी श्रेस्ता व्यवस्थापन गर्नुपर्दछ।

८ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य

स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

९ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको संघीय वित्तिय हस्तान्तरण तर्फको आन्तरिक लेखापरीक्षण गराएको र सो बाहेकको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको लेखापरीक्षण अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ कानुनमा तोकिए बमोजिम यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने गरी आन्तरिक लेखापरीक्षण गराउने तर्फ ध्यान दिनु पर्दछ।कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सामाजिक सुरक्षा, स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम र एकिकृत स्वास्थ्य पूर्वाधार तर्फको आन्तरिक लेखापरीक्षण नभएको कारण प्रतिवेदन प्राप्त नभएको पालिकाले जनाएको छ।

१० **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको बाँकी १३ र यस वर्ष थप भएको ५३ गरि कुल ६६ विवाद दर्ता भएकोमा ३७ वटा मात्र फर्स्यौट भई २९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा हुने गरी टुङ्गो लगाउनुपर्दछ ।

११ **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१३ करोड ७८ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१२ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.७ लाख १५ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २ करोड ३४ लाख ५९ हजारको ३.०४ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।केहि उदाहरण देहाय बमोजिम छन्।

क्र. स	भौ. नं. र मिति	सहायता पाउने संस्था।व्यक्ति	सहायता रकम
१	४५।२०८०।६।२५	थारु कल्याणकारी समिति	४००००
२	३२१।२०८०।१०।२१	शास्त्रीय संगित अध्ययन प्रतिष्ठान	२९७५२९
३	८२६।२०८१।३।१८	झलक बहादुर आले	२००००
४	८२७।२०८१।३।१८	मान बहादुर लो	२००००

१३ सेवाप्रवाहको स्थितिः

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा १३५१ जनालाई देहाय बमोजिम पञ्जिकरण प्रदान प्रवाह गरेको छ । सूचना प्रबिधिको प्रयोगको संख्या र संचालित योजना तथा कार्यक्रमको आम्दानी खर्चको सार्वजानिक सुनुवाईको अवस्था खुलाइको छैन ।

विवरण	सेवा संख्या
जन्म दर्ता	६२९
मृत्यु दर्ता	२५८
बसाई सरि आएको	४१
बसाई सरि गएको	११२
विवाह दर्ता	३०९
सम्बन्ध विच्छेद दर्ता	२
जम्मा	१३५१

१४ मन्दिर र मस्जिद निर्माणः

पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष पालिका अन्तर्गत रहेका १५ वटा मन्दिर र मस्जिद उपभोक्ता समितिबाट निर्माण कार्य गराई रु ८१९६८२५।० भुक्तानी भएको छ।पालिकामा रहेका मन्दिर र मस्जिदको वाल निर्माण र रंगरोगन लगायतका कार्यमा पालिकाबाट ठूलो रकम खर्च भएकोले वर्षेनी हुने यस्तो खर्चमा नियन्त्रण गरि मर्मत सम्भार गर्नुपर्दछ।

१५ कानूनी सल्लाहाकारः

मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहाकार/ वकिल राख्न पाउने व्यवस्था गरेको छैन।त्यसै गरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । पालिकाले कानूनी सल्लाहाकारको रुपमा श्री अमय कुमार दास लाई नियुक्त गरी मासिक रु.२००००।० को दरले वर्षभरिमा तलब भत्ता वापत रु.२६००००।० भुक्तानी गरेको छ।हाजिरी रजिष्टर पेश नभएकोले निजले कार्यालयमा हाजिरी गरे नगरेको सम्बन्धमा यकीन हुन सकिएन।साथै कार्य प्रगति तथा विवरण पेश गरेको छैन।यसरी कार्यालयमा नियुक्त गर्न नहुने पदमा कर्मचारी नियुक्त गरी तलब भुक्तानी गरेको तथा कार्य विवरण पेश नभएको तथा दरबन्दी बेगरको पदमा कर्मचारी नियुक्त गरी भुक्तानी भएको तलब भत्ता नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,६०,०००

१६ संगठन तथा कर्मचारी ब्यवस्थापनः

१६.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत

सहित ९६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ८४ जना पदपूर्ती भएकोमा २३ जना स्थायी र ६१ जना करारबाट पदपुर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु तोकिएको कार्यक्रम सम्पादनकालागी समायमानै पद पुर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१६.२ **करार व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष विभिन्न १० पदमा ६१ जना कर्मचारीहरु करारमा नियुक्ति गरि रु.२२३०१०५५।०० तलव खर्च लेखेको छ । नयाँ भर्ना भएको कर्मचारीको नामावली पेश नभएकोले कर्मचारी पदपूर्ति प्रक्रिया सम्बन्धमा यकीन हुन नसकिएको तथा करार कर्मचारीहरुको संझौता पेश नभएको निजहरुलाई भुक्तानी हुने तलब भत्ता सम्बन्धमा आश्वस्ता हुन सकिएन ।पालिकाले दरबन्दीको व्यवस्थापन सर्वेक्षण नगरेकोले कार्यालयमा रहेको विभिन्न करार कर्मचारीहरु आवश्यकता हो होइन सम्बन्धमा यकीन हुन सकिएन ।जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ ।

त्यसैगरि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन।पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.२१९५८८१५।० भुक्तानी गरेको पाइयो।करारमा कार्यरत कर्मचारी दरबन्दी बमोजिम पदपूर्ति गरि तलव खर्च लेखेको देखिन्छ। ऐनको व्यवस्था विपरीत करारमा कर्मचारी नियुक्ति गरि भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । करार कर्मचारी नियुक्ति गरि तलव खर्च भुक्तानी भएको केही उदाहरण देहाय बमोजिम छन्।

पद	नियुक्ति संख्या	तलव भत्ता रु.
अ.न.मी.चौथो तह	९	३८४९५३४
अ.हे.ब.चौथो तह	४	१७१०९०४
हे.अ.पांचौ तह	४	१८०५९६०
ईन्जिनियर	१	५६७९५७
उर्जा प्रा.	१	५६७९५७
सब ईन्जि.पांचौ तह	१	४५१४९०
सहायक पांचौ तह	३	१३५४४७०
सहायक चौथो तह	२	८५५४५२
अमीन चौथो तह	१	४२७७२६

१६.३ **डोर हाजिरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा निश्चित कर्मचारी करारमा नियुक्ति दिएर काम लगाउन सक्ने व्यवस्था छ।पालिकाले करार सेवाको अतिरक्त ९ जना व्यक्तिहरुलाई डोर हाजिरमा काम गरेको जनाई रु.१७२७७७३।५० खर्च गरेको देखिन्छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमट दरबन्दी एकिन नगरि डोर हाजिरमा राखी तलब खर्च लेखेको उचित देखिएन । डोर हाजिरीको कर्मचारीलाई के को आधारमा राखेको हो सो को प्रमाण समेत गरेको देखिएन । डोर हाजिरमा तलब भुक्तानी भएका व्यक्तिहरुवाट वास्तविक कार्य सम्पादन भए नभएको एकिन गर्नुपर्दछ। स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था

बमोजिम कामको प्रकृति अनुसार दरबन्दी प्रस्ताव गरी प्रतिस्पर्धाको आधारमा सेवा करार नगरी डोर हाजिरीबाट यसरी जनशक्ति नियुक्ति गरेको नियमसम्मत देखिएन ।

१६.४ **अवकास कोषः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्ति भरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ।उक्त अवकास कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिका अन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन।पालिकाले कानूनको व्यवस्था अनुसार अवकाश कोष स्थापना गरि कार्यान्वयन गर्नुपर्दछ।

१७ **पदाधिकारी सुविधाः**

मधेश प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ को अनुसूची-१(ख) बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ।स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धीत सभाले पारित गरेको सुविधा तथा भत्ता भुक्तानी गर्नुपर्दछ।पालिकाले यस वर्ष पदाधिकारीको वार्षिक सुविधामा रु.८७ लाख ९५ हजार खर्च लेखेको देखिन्छ।उक्त खर्च पालिकाको आन्तरिक आय रु.२ करोड ३४ लाख ५९ हजारको तुलनामा ३७.४९ प्रतिशत रहेको देखिन्छ ।आन्तरिक स्रोत समेतको आधारमा सुविधा भुक्तानी हुनुपर्नेमा पालिकाले राजस्व बाँडफाँडबाट खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ।

१८ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को बुंदा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र रहेका सहकारी संस्थाको विवरण प्राप्त नभएका कारण पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको सम्बन्धमा यकिन गर्न सकिएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणमा पेस भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१९ **समस्याग्रत सहकारीः**

यस पालिकामा १८ वटा सहकारी संचालनमा रहेकोमा सहकारीको अवस्था अद्यावधिक गरि रेकर्ड नराखेको तथा अनुगमन समेत नगरेकोले पालिका भित्रका सहकारीको अवस्था के कस्तो अवस्थामा रहेको छ एकिन गर्न सकिएको छैन।पालिकाले सहकारीको अनुगमन गरि समस्याग्रस्त रहे नरहेको एकिन गरि रेकर्ड तयार गरि राख्नुपर्दछ।

२० **म्याद नाघेको पेश्कीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले दिगो वन व्यवस्थापन तथा बृक्षारोपण कार्यक्रम संचालन गर्न श्री निर्मल कुमार साहलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको म्याद नाघेको पेश्की रु.८६२०००।० नियमानुसार असुल फर्स्यौट गर्नुपर्ने रु..

क्र. स	मिति	विवरण	कर्मचारीको नाम	फस्यौंटको अन्तिम म्याद	पेश्की रकम
१	२०८१।३।२३	दिगो वन व्यवस्थापन तथा बृक्षारोपण कार्यक्रम	श्री निर्मल कुमार साह	२०८१।४।२७	५१२०००
२	२०८१।३।२४	दिगो वन व्यवस्थापन तथा बृक्षारोपण कार्यक्रम	श्री निर्मल कुमार साह	२०८१।४।२८३	३५००००
जम्मा					**८६२०००.००**

पेश्की	८,६२,०००

२१ **धरौटी तर्फः**

२१.१ **धरौटी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तीगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार गतवर्षको धरौटी अल्या रु. ३०३९२६२.२१ , यो वर्षको प्राप्त धरौटी आम्दानी रु. २०२२२०२५ समेत जम्मा आम्दानी रु. २३२६१२८७.२१ भएको मध्ये फिर्ता रु. १०३६१२८७.२१ गरी बाँकी धरौटी रु. १२९००००० देखिन्छ । व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको कारण धरौटी खातामा मौज्दात रहेको रु. १२९००००० मध्ये केहीको कुन वर्ष देखिको कस्को नामको के वापत धरौटी रहेको हो यकिन हुँदैन । धरौटी रकम फिर्ता गर्दा व्यक्तिगत धरौटी खाता नरहेकोले वैंक स्टेटमेन्ट अनुसार फिर्ता गर्ने गरेको पाइयो । व्यक्तिगत धरौटी खाता अद्यावधिक नहुँदा दोहोरो फिर्ता हुन सक्ने, वढी रकम फिर्ता हुन सक्ने जोखिम रहने हुँदा धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरेर मात्र धरौटी फिर्ता गर्नुपर्दछ।

२१.२ **अल्या फरक :** पालिकाले पेश गरेको गत आ.व. को धरौटी अल्या रकम आर्थिक विवरण अनुसार रु ३०३९२६२.२१ र बैँक नगदी किताब अनुसार रु ८८६५१११.२१ रहेकोले फरक रकम रु ५८२५८४९ हिसाब मिलान गरिनुपर्दछ ।

२१.३ **मल्य अभिवृद्धि कर समायोजन पेश नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजम निर्माण व्यबसायीको रिटेन्सन मनि वापत बिलवाट कट्टि गरी राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि मात्र दिनुपर्ने व्यवस्था छ। तर पालिकाले कर विवरण पेश गरेको र आन्तरिक राजश्व कार्यालयको मिति २०७१।०५।३० मा गरेको परिपत्रअनुसारको मु.अ.कर समायोजन गरेको पत्र वेगर माग गरेको आधारमा धरौटी फिर्ता गरेको देखिएकोले कर चुक्ताको प्रमाण पत्र र मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु .

गो भौ नं र मिति	निर्माण व्यवसायी र सप्लायर्स को नाम	रकम रु
७।२०८०।०६।०७	माधुरी निर्माण सेवा	४२६०५
८।२०८०।०६।०७	श्री राजेश्वर कन्सट्रक्सन	२८५९०१
३४।२०८०।०९।१८	नारायण निर्माण सेवा	२६८४०
३७।२०८०।०९।१८	तराई निर्माण सेवा	२९८४४
४४।२०८०१०।१२	सफल नर्माण सेवा	२१२५४
१०५।२०८०।११।२९	अनुज कन्सट्रक्सन	३८३२३
११०।२०८०।१२।०५	अर्जुन निर्माण सेवा	८७९४८
१८५।२०८१।०३।१९	दुधेश्वर महादेव मल्टीपर्पोज प्रा लि	१७०७६
२०८।२०८१।०३।१९	निरज निर्माण सेवा बिरगंज	१२७९१
२०९।२०८१।०३।२२	गुदरबाबा निर्माण सेवा	४०६०३
जम्मा		६०३१८५

प्रमाण पेश नगरेको	६,०३,१८५

२२ **मर्मत खर्च:**

सरकारी निकायले स्थायी सम्पत्तिको मर्मत सम्भार गर्दा म.ले.प. फारम नं ४१५ अनुसारको ढाँचामा मर्मत संभार अभिलेख खाता राख्नु पर्ने व्यवस्था छ । पालिकाले मर्मत, संभार आदेश तथा अभिलेख खाता विना नै मिलेनियम आइ टी सोलुसनलाई ल्यापटप मर्मत गरे बापत रु १९५०० भुक्तानी दिएको देखीयो । जसबाट कहिले, को आवेदनकर्ता हुन यकिन गर्न सकिएन । पालिका र वडा तर्फ मर्मत खर्च लेख्दा PAMS बाट मर्मत आवेदन फारमको आधारमा मर्मत अभिलेख खातामा मर्मत गरीएका सामानहरु प्रबिष्ट गरी मात्र खर्च लेख्नुपर्नेमा PAMS मा प्रविष्ट नगरेको तथा मर्मत अभिलेख खाता राखि खर्च लेखेको देखिएन ।PAMS बाट मर्मत आवेदन फारमको अभिलेख र अभिलेखखाता व्यवस्थित गरेर मात्र मर्मत खर्च लेख्नुपर्ने तथा खर्चको व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

२३ **सामाजिक सुरक्षा तर्फ:**

२३.१ **पारदर्शीता कायमः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ बुँदा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ। स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ।भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।तर पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शिता कायम गरेको देखिएन। अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ ।

२३.२ **अनुगमन तथा निरीक्षणः**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो

बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्दछ ।

२३.३ **सामाजिक सुरक्षा कार्यक्रम संचालनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा गाउँपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए गाउँपालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी गाउँपालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था भएकोमा बैंकले सो विवरण पेश गरेको पाइएन। विवरण पेश नभएकोले बैंकमा के कति रकम बाँकी रहेको सम्बन्धमा आश्वस्त हुन सकिएन ।पालिकाले बैंकसँग विवरण लिई निष्क्रिया खातामा रहेको यथार्थ रकम संघीय संचित कोष फिर्ता हुनुपर्दछ ।

२४ **विधुत जरिवाना :** (८६१-२०८१-३-२२):

सार्वजनिक खर्चमा मितव्ययित तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को बुँदा नं १५ बिजुली महसुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरिवाना वापतको रकम सम्बन्धित जिम्मेवार पदाधिकारिबाट असुल उपर गर्नुपर्ने व्यवस्था छ । पालिका र मातहतका विभिन्न कार्यालयहरुको नमुना परीक्षणको रुपमा परीक्षण गर्दा विद्युत महसुल समयमा नै भुक्तानी नगरी रु. ९०२७ जरिवाना तिरेको छ । विद्युत महसुल भुक्तानीको लागी समयमा नै बजेट व्यवस्थापन गरी विधुत महसुल समयमा नै भुक्तानी गर्ने र विधुत प्राधिकरणको नियमानुसार २ प्रतिशत छुट समेत लिने व्यवस्था मिलाउनुपर्दछ ।

२५ **फर्निचर खरिद :** (८५८-२०८१-३-२२):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न विधालयहरुले फर्निचर माग गरेको भनी खरिद आदेश, दाखिला प्रतिवेदन विना तथा उनिहरुको माग फारम विना नै कोटेशन माग गरी बिरगंज फर्निचर हाउसबाट रु ५४७६७० को फर्निचर खरिद गरी वितरण गरेको भनेता पनि विधालयलाई हस्तान्तरण गरेको भर्पाई बिल पेश भएको देखिएन । जसबाट विधालयहरुले कति फर्निचर माग गरेको र उनिहरुलाई कति हस्तान्तरण गरियो भनी एकिन हुन सकिएन। अत: दाखिला प्रतिवेदन र विधलयहरुलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,४७,६७०

२६ **उपभोक्ता समिति तर्फ**

२६.१ **उपभोक्ता समिति दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता गरेको प्रत्येक योजनाको फाईलमा राखेको देखिएतापनी योजना सम्पन्न गरी सम्पन्न योजनाहरुको मर्मत सम्भार समेतको जिम्मेवारी दिने गरी अभिलेख ब्यवस्थित गरेको पाइएन ।त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ ।यसका केहि उदाहरण निम्नानुसार रहेका छन ।

क्र.स.	योजनाको नाम	लागत अनुमान	सम्झौता रकम	भुक्तानी	उ.स.को नाम
१	वडा नं.३ महेन्द्रपुर छठी घाट छतुवन झो.पु.	२३५०९१४.५३	२२५७४२७.३	२०११२२४	श्री गढीमाई झो.पु.निर्माण उपभोक्ता समिति
२	वडा नं.३ अधुरो स्वास्थ्य चौकी भवन निर्माण	३५०५७७४	३५०५७७४	१६३१६५९	श्री गादीमाई उपभोक्ता समिति ३ पर्सा
३	श्री ने.रा.आ.वि.कन्चनपुर बैरियाको तल्ला थप	११११२५४	१००००००	१००००००	श्री टेढीमाई उपभोक्ता समिति पटेर्वा सुगौली ३
४	वडा नं.४ आकवा टोल नौरगिया झो.पु.निर्माण	३१७१६७४	३०४७७७९.६०	११९४६२०	श्री नौरंगिया घाघ झो.पु.निर्माण उपभोक्ता समिति
५	वडा नं. ५ मा शोमेश्वर नाथ मन्दिर निर्माण	१०७७३९८	९७००००	१००००००	श्री शोमेश्वरनाथ कवरिया धार्मिक समिति पटेर्वा सुगौली गा.पा.निचुटा ५
६	वडा नं.४ सुगौली तिन बटिया देखि गाउँपालिका स्तरिय आधारभुत अस्पताल हुदै बाध सम्मको सडक निर्माण	२०९७३५४	१९४००००	१९४००००	श्री सडक मर्मत तथा निर्माण उपभोक्ता समिति पटेर्वा सुगौली गा.पा.४
जम्मा रकम रु.			१२७२०९८१	८६९७५०३	

क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको पाइएन,

ख) हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत् गराएको छ,

ग) कार्यालयले उपभोक्ताको भुक्तानी दिनु अगाडी गुणस्तर र परिमाण चेक जाँच गरी भुक्तानी दिने गरेको देखिएन ,

घ) उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार समेतको जिमवारी लिने गरेको देखिएन,

ङ) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन ।जसले गर्दा एकाघरका व्यक्ति तथा पदाधिकारीका आफन्त उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन ।रकम प्राप्त गर्नेको डोरहाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट खुलाएको पाइएन, ।

च) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तसर्थ, कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ ।घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

छ) अधिकांश प्राविधिक मूल्याङ्कन गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी कितावको नम्वर उल्लेख गरी अलग्गै अभिलेख राख्नु पर्दछ ।

२६.२ **खरिद मुल्य भन्दा बढी दरमा भुक्तानी** –आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्पन्न भएको कामको नापि कितावमा प्रमाणित भएको आधारमा भुक्तानी हुनु पर्ने व्यवस्था छ।जिल्ला दर रेटमा OPC सिमेन्टको को र PPC सिमेन्टको रु.६७० स्विकृत भएको अवस्थामा पालिकाबाट संचालनमा भएका निम्न योजनाहरुमा दर विश्लेषणमा OPC सिमेन्ट रु.७५०। डण्डी प्रति केजी १०५। राखेको तर उपभोक्ता समितिले खरिद गरेको विलमा oPC सिमेन्टको रु ५०० देखि ५५०।दरले डण्डी प्रति केजी ८५ देखि ९५ सम्ममा खरिद गरेको देखिन्छ ।नमुना छनौट का आधारमा केहि भौचर परीक्षण गर्दा उपभोक्ता समितिले दर बिष्लेषणमा कायम भएको भन्दाकम दरमा खरिद गरेको बिल पेस भएतापनी पालिकाले दर विश्लेषणमा उल्लेखित दरमानै रकम भुक्तानी गरेको देखिन्छ ।यसरी भुक्तानी गर्दा उपभोक्ता समितिले भुक्तानी गरेको मुल्य अभिवृद्धि कर र परल मुल्य भन्दा बढि भुक्तानी हुन जाने भएकाले उपभोक्ता समितिले तिरेको वास्तविक खरिद मुल्यमानै भुक्तानी गर्ने ब्यवस्था हुनुपर्दछ ।फरक परेका केहि उदाहण निम्नानुसार रहेका छन ।

भौ न. मिति	योजनाको नाम	भुक्तानी भएको दर	विलमा उलेखित दर	प्रयोग भएको सिमेन्ट बोरा तथा डण्डी	फरक दर	भुक्तानी रकम
१०४।८१। १।४	सोमेश्वरनाथ मन्दिर निर्माण उस	७५०	४८९	१५०	२६१	३९१५०
		१०५	८४	२८५०	२१	५९८५०
१०८।८१। १।४	बिश्रामटोलको सामुदायिक भवन निर्माण उस	७५०	४७८	१००	२७२	२७२००
		१०५	८१	२६७७	२४	६४२४८
१७९।८१। ३।६	वेलवा ब्रह्मथान निर मवहन दाशको घर देखि मुल सडक सम्म ढलान उस	७५०	५००	४१०	२००	८२०००
		१०५	९१	२५८८	१३	३३६४४
१६४।८१। २।३१	नेरा आ वि कन्चनपुर	७५०	४७८	२५०	२७२	६८०००
		१०५	९१	३८१५	१३	४९५९५
२३७।८१। ३।२२	वडा नं ३ सोन बर्षामा स्वास्थ्य चौकी भवन निर्माण	७५०	५०५	५००	२४५	१२२५००
		१०५	९३	३७७३	१२	४५२७६
जम्मा रु						५९१४६३

२६.३ **उपभोक्ता समितिले बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु.२० लाख भन्दा माथिको काम गराउँदा र नियमावलीको नियम ११२ मा निर्माण ब्यबसायीले अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट तथा निर्माण ब्यवसायीवाट रु.२० लाख भन्दा माथिको निर्माण कार्य गरेतापनि अनिवार्य बीमा गरेको पाइएन ।अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ ।

क्र.सं.	फर्म /उपभोक्ता समितिको नाम	लागत अनुमान	भुक्तानी रकम	कैफियत
१.	वडा नं.३ महेन्द्रपुर छठी घाट छतुवन झो.पु.उस	२३५०९१४.५३	२०११२२४	
२	वडा नं.३ अधुरो स्वास्थ्य चौकी भवन निर्माण उस	३५०५७७४	१६३१६५९	
३	वडा नं.४ आकवा टोल नौरगिया झो.पु.निर्माण उस	३१७१६७४	३०४७७७९.६०	
४	वडा नं.४ सुगौली तिन बटिया देखि गाउँपालिका स्तरिय आधारभुत अस्पताल हुदै बाध सम्मको सडक निर्माण उस	२०९७३५४	१९४००००	

२६.४ **बहाल कर :**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,२१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२६.५ **इट्टाको खरिद मुल्य र प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नु पर्ने व्यवस्था छ। यस गाउँपालिकाले भवन निर्माण, पर्खाल निर्माण भवन विभागको नर्मस ग-c2 गारो लगाउने काममा इटाको सख्या राख्दा साइज अनुसारको अनुमान गरि थपघट गर्न मिल्ने व्यवस्था छ।गाउँपालिकामा प्रयोग भएको इटाको साइज नर्म्स भन्दा ठूलो साइजमा(२३*११.५*६.५से मि) मा १० एम एम मोर्टार सहित १ घनमिटर वाल लगाउन प्रति घनमिटर ५०० गोटा लाग्नेमा ईट्टाको साईज नहेरी नर्म्समा दिएको प्रति घनमिटर ५६० वटा ईटा लाग्ने गरी लागत अनुमान तयार पारी ६० ईट्टाको थप भुक्तानी हुने गरेको छ।साथै पालिकाबाट संचालित बिभिन्न योजनाहरुमा भने निम्नानुसार उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरी पेश गरेको बिलमा पालिकावाट दर बिष्लेषण गरि तयार पारेको दररेटमा उल्लेखित प्रथम श्रेणीको ईट्टा प्रति गोटा रु १४।० कायम गरेकोमा सो भन्दा कम दरमा खरिद गरेको देखिन्छ।तर पालिकाले विल भुक्तानी गर्दा विलमा उल्लेखित दर अनुसार भुक्तानी दिनुपर्नेमा दररेटमा उल्लेखित दरमानै भुक्तानी गरेको नमुना छनौट गरी परीक्षण गरेको भौचरवाट देखियो ।उपभोक्ता समितिले दर बिष्लेषणमा कायम भएको भन्दाकम दरमा खरिद गरेको बिल पेस भएतापनी पालिकाले दर विश्लेषणमा उल्लेखित दरमानै रकम भुक्तानी गरेको देखिन्छ ।यसरी भुक्तानी गर्दा उपभोक्ता समितिले भुक्तानी गरेको मुल्य अभिवृद्धि कर र परल मुल्य भन्दा बढि भुक्तानी हुन जाने भएकाले उपभोक्ता समितिले तिरेको वास्तविक खरिद मुल्यमानै भुक्तानी गर्ने ब्यवस्था हुनुपर्दछ ।फरक परेका केहि उदाहण निम्नानुसार रहेका छन ।

भौ न. मिति	योजनाको नाम	भुक्तानी भएको दर	विलमा उलेखित दर	प्रयोग भएको ईट्टा संख्या	फरक दर	भुक्तानी रकम
६०।८१।१०।२१	वेलवाको अधुरो दलित भवन निर्माण उस	१४	१०	५५००	४	२२०००
१०४।८१।१।४	सोमेश्वरनाथ मन्दिर निर्माण उस	१४	१०।५०	१००००	३.५०	३५०००
१०८।८१।१।४	बिश्रामटोलको सामुदायिक भवन निर्माण उस	१४	१०	१२५००	४	५००००
२३७।८१।३।२२	वडा नं ३ मा स्वास्थ्य चौकी भवन निर्माण	१४	१०	२४०००	४	९६०००
जम्मा रु						२०३०००

२७ **आन्तरिक आय तर्फ**

२७.१ **राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन ।साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५९ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाटवजार पसल सरकारी जग्गमा बनेका संरचनाको उपयोग गरेवापत बहाल विरौटी शुल्क लगाउन सक्ने ब्यबस्था गरेकोमा पालिका वाट यस बर्ष ३ पोखरीको माटो बिक्री तथा १ ढुंगा गीट्टी वालुवा ठेक्का मात्र आय समाबेस गरेको छ ।

अन्य क्षेत्रको आय, घर सटर बहाल, अन्य सार्वजनिक स्थान हरुको आन्तरिक आय ठेक्का लगाई आन्तरिक अयमा वृद्धी गर्न सकेको देखिएन । अतःनियमानुसार आफ्नो क्षेत्रमा प्राप्त हुनसक्ने आयको पहिचान गरी कर संकलनमा वृद्धी गर्न प्रभावकारी रुपमा कार्य सम्पादन गर्नुपर्दछ।

२७.२ **कर तथा शुल्क असुली** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।ति अय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.स.	शीर्षक	प्रस्तावित आय	वास्तविक आय
१	११३१३ - सम्पती कर		
२	११३१४ - भुमिकर/मालपोत	५०००००	३६१८२०।३५
३	११३१७ - वहाल कर	१०००००	१६९९८५।२८
४	११३१८ - वहाल विटौरी कर		
५	११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कर	०	११००
६	११६३२ - अखेटोपहारमा लाग्ने कर		
७	११६९१ - अन्य कर		३०२३२२०
८	१४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम	१३६५००००	११६०१३०५
९	१४२२१ - न्यायिक दस्तूर	४००००	१४६००
१०	१४२२४ - परीक्षा शुल्क		१४६००
११	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क		२२३५००
१२	१४२४२ - नक्सापास दस्तुर	१०००००	८९५००
१३	१४२४३ - सिफारिश दस्तुर	१९४६१००	१८५३६०
१४	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर		१९८५००
१५	१४२४५ - नाता प्रमाणित दस्तुर		५९००
१६	१४२४९ - अन्य दस्तुर	१०००००	१९१९२५
१७	१४२६२ - विद्युत सम्बन्धी दस्तुर		१००
१८	१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत		२७७००
१९	१४५२९ - अन्य राजस्व	१२३५५००	१७१९५००
२०	१४६११ - व्यवसाय कर	५१७४००	५०००
		१८१८९०००	१५१५४०९८

माथी उल्लेखित अनुमानित आय र वास्तविक आयको तुलना गर्दा लक्ष्यको तुलनामा ८३.३१ प्रतिशत असुल भएको देखिएता पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली र अनुमान यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

२७.३ **आन्तरिक आय** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च वित्तीय समानिकरण समेत	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२२०५७१११९।४१	१५१५४०९८।६३	६.८७

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.९६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२७.४ **उद्योग ब्यबसायीहरुको लगत** – पालिका भित्र के कती संख्यामा उद्योग ब्यबसायहरु संचालनम आएका छन् पालिकाले रेकर्ड राखेको पाइएन। पालिकाभित्र संचालनमा आएका उद्योग धन्दाबाट पालिकाका कर्मचारीहरु र जनताको हितकोलागि सामाजिक दायित्व अन्तर्गत पर्ने लगानी वा विकास निर्माणको रकम छुट्याएको नपाइएकाले पालिकामा संचालित उद्योग ब्यबसायलाई पालिकाले अनुगमन, नियमन, साथै अभिलेख राखी नियमानुसार राजश्व संकलन गर्नुपर्ने देखिन्छ।

२७.५ **ब्यबसाय कर** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क र ब्यबसाय कर रु ५०००।०सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन्।उद्योग ब्यबसायको लगत राखी दर्ता हुन बाँकी रहेका ब्यवसायलाई दर्ता गर्न प्रोत्साहन गरी ब्यवसाय कर संकलनमा वृद्धि गरी आन्तरिक आय वृद्धी गर्नुपर्दछ।

२७.६ **सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ ।पालिकाले सवारी कर बापत यस वर्ष उठाएको देखिएन ।सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

२७.७ **घर जग्गा बहाल करः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु. १६९९८५।० उठायको देखिन्छ। पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

२७.८ **सम्पती करः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ अनुसार पालिकाको अधिकारक्षेत्र कुनै पनि व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर वा जग्गाको एकिकृत रुपमा हिसाव गरी एकिकृत सम्पत्ती वा घरजग्गा कर लगाइने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष भुमि तथा मालपोत कर वापत उठाएको देखिदैन।भने सम्पत्ती कर वापत उठाएको छैन ।पालिकाले एकिकृत सम्पत्ती कर सम्वन्धमा घर जग्गा सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा एकिकृत सम्पत्ती कर प्राणली लागु गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी एकिकृत सम्पत्ती कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

२७.९

मनोरन्जन कर– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थिएटर,मनोरञ्जन प्रदर्शन स्थल, क्यासिनो,ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले मनोरञ्जन कर राजस्व असुली शुन्य देखियो । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

२७.१० **असुल गर्न बाँकी आन्तरिक आय** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत आन्तरिक आय वृद्धिकालागी आफ्नो क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरेवापत विभिन्न कर तथा शुल्क बहाल विरौटी शुल्क आदी लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा उल्लेखित प्रक्रिया र कार्यविधि अनुसार समयमानै प्राप्त हुन नसकेमा सम्झौतामा तोकिएको अवधि र अवधि नतोकेको अवस्थामा प्रचलित कानुन अनुसार वरिवाना समेत गणना गरी सो समेत दाखिला गर्न लगाउने सक्ने व्यवस्था छ ।यस पालिकाले विगत वर्ष सम्झौता गरेको आन्तरिक आय ठेक्कामा रु १०३६२३।० दाखिला गर्न बाँकी देखिन्छ । दाखिला गर्न बाँकी उक्त रकममा ऐन अनुसार जरिवाना समेत गणना गरी असुल गर्न गर्नुपर्ने देखिएको रु.

खोलाको नाम	ठेकेदार	सम्झौता रकम	सम्झौता मिति	जम्मा दाखिला रकम	असुल गर्न बाँकी	कैफियत
बलिराम महतो नुनिया	ब्यक्तीगत			९००७२३	१०३६२३	पोखरिको माटो उत्खनन गरी १५५१८६.२५ घनमिटरबिक्री गरेको
जम्मा रु					१०३६२३	

असुल गर्नुपर्ने	१,०३,६२३

२७.११ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर** -मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(२) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने र मूल्य अभिवृद्धि कर २०५२ को दफा ५ र दफा २ छ अनुसार ठेक्कापट्टा र दहत्तर बहत्तर आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर असुल नगरेकोले दहत्तर बहत्तरको ठेक्का वा अन्य प्रकृयाबाट गरिएका ठेक्कापट्टामा संकलन गरेको रकमको १३ प्रतिशतले हुने निम्नानुसारको मुल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

सि.न	आय ठेक्का विवरण	ठेकेदारको नाम	माटो गिट्टी बिक्री रकम	मुल्य अभिवृद्धि कर
१	बर्षाती देविको पोखरी	ब्यक्तीगत	५५५४८०	६४४८०
२	बलिराम महतो नुनिया	ब्यक्तीगत	९००७२३	१०३६२३
जम्मा रु				१६८१०३

असुल गर्नुपर्ने	१,६८,१०३

२७.१२ **ढुङ्गा गिट्टि बालुवा ठेक्का :** यस गाँउपालिका क्षेत्र भित्र रहेको भलुवाही खोला र बालुवा उत्खनन संकलन तथा बिक्रि वितरणको लागी प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE)२०८०अनुसार राजश्व परामर्स समितिको निर्णय अनुसार भलुवाही खोलामा स्थान र परिमाण र न्युनतम मुल्यांकन समेत को दररेट तथा न्युनतम परिमाण निकाल्न सकिने गरी कुल लागत अनुमान रु ८५३४९४०।० कायम गर्ने निर्णय गरेको देखिन्छ ।साथै उक्त परिमाण ढुंगा गिट्टी /ग्राभेल /मिस्कट प्रति घनमिटर १४१.१५का दरले उत्खन गर्न तथा संकलन गर्न पाउने र बिक्रि वितरण प्रति स्क्ववार फुट रु ५ का दरले गर्नुपर्ने गरी IEE प्रतिवेदन २०७९।८०र २०८०।८१ ले स्वीकृत भए अनुसार सुगौली घाट र पथलहवा घाटको कुल २४७७५०३ घनफिट मध्ये पथलहवा घाट को मात्र १७०६९८८ घनफिट उत्तखनन को लागी ठेक्का स्वीकृत गरी प्रतिघनफिट रु ५ का दरले न्युनतम मुल्यांकन गरेको मा रु १२४०००००।० मा ठेक्का दिने निर्णय भएकोमा कुन

कुन सामान कति परिमाण उत्खनन गरेको हो सोको विवरण पेश नभएकाले कुल उत्खनन परिमाण एकिन गर्न सकिएन । उक्त परिमाण एकिन गरी विवरण पेश हुनु पर्दछ ।

२७.१३ **राजस्वको अभिलेख :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।कार्यालयले यसवर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फ.नं.१०८ले राजश्व आम्दानीको बैंक नगदी किताब र म.ले.प.फा.नं.१०८(क) राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता राखेको देखिएन । ऐनको व्यवस्था अनुसार म.ले.प.फ.नं.१०८ र म.ले.प.फा.नं.१०८(क) फारम राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।यस वर्ष नगदी रसिदबाट असुल गरेको दस्तुर विज्ञापन कर दहत्तर वहत्तर र अन्य आन्तरिक आय वापतको रु.१५१५४०९८।० आम्दानी गरेकोमा सोको रसिद नम्बर अनुसार दैनिक आवर्जे नराखेबाट असुली गरी आम्दानी गरेको रकम एकिन हुन नसकिने भएकाले विधुतिय विवरणको अलावा तोकियको ढाँचामा मलेप फारममा समेत अभिलेखिकरण गर्यो भने विवरण सुरक्षित हुने हुन्छ ।

२७.१४ **आन्तरिक आय हिसाव :** पालिकावाट प्राप्त विवरण अनुसार स्रेस्ता मा भएको मौज्दात रु३१२२०६७७।४८ देखिन्छ भने बैंक मौजात विवरण अनुसार रु ३०५२०६४१।७० देखिएकोले स्रेस्तामा भन्दा रु ७०००३५।८० बैकमा कम आम्दानी बाँधेको देखिन्छ।यसरी फरक पर्न गएको रकम सम्बन्धमा एकिन गरी हिसाव मिलान विवरण पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,००,०३५.८

२८ **गाँउपालिका चालूतर्फः**

२८.१ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी १० जना स्थायी कर्मचारीलाई रु. ७५३१६६६।०० भुक्तानी गरेको छ।तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन।नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने व्यवस्थापन गर्नुपर्दछ।

२८.२ **खर्चमा मितव्ययिता** – आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ, पालिकाले विनियोजन गरेका विभिन्न खर्च शिर्षकको रकमहरु खर्च गर्दा मितव्ययी एवं उपलब्धीपूर्ण तरिकाले खर्च गर्नुपर्दछ। पालिकाबाट यस वर्ष मसलन्द, इन्धन खर्च, मर्मत खर्च, भ्रमण खर्च र खाना खाजा तथा विविध खर्चमा रु. १५३१८६४२।० खर्च भएको देखिएकोले आगामी दिनमा यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	खर्च शिर्षक	खर्च रकम
१	मसलन्द तथा कार्यालय सम्बन्धी खर्च	२३०००००
२	विवध तथा खाना खाजा खर्च	१९८००००
३	पदाधिकारी इन्धन खर्च	१५०००००
४	कार्यालय प्रयोजना तथा अन्य ईन्धन खर्च	३२३८६४२
४	भ्रमण खर्च	२२०००००
५	सवारी साधन मर्मत खर्च	३३०००००
६	कर्मचारी बैठक भत्ता	८०००००
जम्मा		१५३१८६४२

२८.३ **ईन्धन खर्चः** अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १२५ लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले यस वर्ष इन्धनमा पदाधिकारी, कार्यालय प्रयोजन तथा भारी उपकरणमा रु. ४७३८६४२।० इन्धन खर्च गरेको छ।पालिकाले सवारी साधन अनुसार पदाधिकारी ईन्धन, कर्मचारी ईन्धन र अन्य उपकरणमा भएको वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी सवारी साधनको लगबुक नराखेकोले कुन सवारी साधनमा कति इन्धन खर्च भएको यकिन गर्न सकिएन।पालिकाले पदाधिकारी तथा कर्मचारी बाहेक जेनेरेटर, एम्बुलेन्स, जेसिबि जस्ता यन्त्र उपकरण र कर्मचारीको निजी मोटरसाईकल र पालिका मातहत रहेका सम्पूर्ण स्वास्थय केन्द्र र वडामा रहेका कर्मचारीलाई ईन्धन वितरण गर्दा बढी खर्च भएको जनाएको छ।तसर्थ पालिकाले ईन्धन खर्च भुक्तानी गर्दा ईन्धन खर्चको मापदण्ड स्वीकृत गरि सोहि बमोजिम सवारी लगबुकमा अभिलेख जनाई अधिकार प्राप्त अधिकारीवाट प्रमाणित गरेर मात्र भुक्तानी दिने गरि ईन्धन खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

विवरण	मापदण्ड अनुसार	वार्षिक खर्च	औषत दर	रु. मा
३० जना सम्म दरबन्दी भएको मापदण्ड	डिजल १०० लि.	१२०० लि	१६७	२००४००
	पेट्रोल ७५ लि.	९०० लि	१७६	१५८४००
२७ वटा मोटरसाईकल/स्कुटि (कर्मचारी)	१० लि.	३२४० लि	१७६	५७०२४०
गाउँपालिका अध्यक्षले पाउने सुविधा	१०० लि.	१२०० लि.	१७६	२११२००
गाउँपालिका उपाध्यक्षले पाउने सुविधा	१०० लि.	१२०० लि.	१७६	२११२००
नर्म्स बमोजिम हुनुपर्ने बार्षिक ईन्धन खर्च				**१३५१४४०**
वित्तीय विवरण बमोजिम भएको वार्षिक ईन्धन खर्च				**४७३८६४२**
नर्म्स र वित्तीय विवरण अनुसार ईन्धन खर्चमा परेको फरक				**३३८७२०२**

यसका अतिरिक्त पालिकामा १ थान ट्रयाक्टर, १ थान जे सि बि, १ थान एम्बुलेन्स र जेनेरेटर रहेकोमा उक्त साधनको लागि ईन्धन खर्चको अभिलेख पेश नभकोले सवारी साधन र उपकरणमा भएको ईन्धन खर्चको तादम्यता मिल्ने देखिदैन।मापदण्ड अनुसार हुनुपर्ने ईन्धन खर्च र पालिकाबाट भएको इन्धन खर्च बीच रु. ३३८७२०२।० फरक परेकोले यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।पालिकाले मापदण्ड भित्र रहेर ईन्धन खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

२८.४ **सूचना प्रकाशनः** विज्ञापन नियमन गर्ने नियमावली, २०७७ नियम ६(क) को उप नियम २ मा सरकारी निकायले भुक्तानी गर्दा संचार माध्यावाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो संचार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ (ग) को उपनियम ३

बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए संचारमाध्यामले जारी गरेको विलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सिले जारी गरेको बिल बमोजिम नियम ५ (ख) दररेटको आधारमा गर्नुपर्नेछ भन्ने ब्यवस्था रहेको छ । पालिकाबाट सूचना प्रकाशन भएको बिलमा परिमाणको सि सि र रेट खुलेको छैन।सूचना प्रकाशन भएको रकम भुक्तानी गर्दा बिल रकममा २५ प्रतिशत सम्म छुट हुने व्यवस्था छ। पालिकावाट बिभिन्न किसिमका सूचना तथा विज्ञापन प्रकाशन गर्दा विभिन्न संचारमाध्याम तथा पत्रिका मार्फत सूचना प्रकाशन गर्दा सरकारी निकाय गोरखापत्र तथा कान्तिपुर जस्ता पत्रिकाले प्रकाशन गरेको दररेट र तोकिएको दरमा २५ प्रतिशत छुट दिने गरेको देखिन्छ।यसरी विज्ञापन वा सूचना प्रशारण गर्दा एजेन्सीको सेवाशुल्क खुलाउने र तोकिएको दरमा छुट समेत गरी भुक्तानी दिने लिने गरेको देखिएन।विज्ञापन तथा सूचना प्रकाशन गर्दा नियमको पालना गरी तोकिएका दरमा छुट समेत लिई विज्ञापन गराउनु पर्ने देखिन्छ।पालिकाले सूचना प्रकाशन गर्दा निम्न पत्रिकाहरुले नियममा व्यवस्था भए बमोजिम छुट नदिएको नियम सम्मत देखिएन।तोकिए अनुसारको प्रतिशतमा छुट लिने व्यवस्था हुनुपर्दछ।

क्र. स.	भौ. नं. र मिति	सूचना प्रकाशन गर्ने पत्रिका	भुक्तानी रकम	छुट नभएको रकम	कैफियत
१	६०।२०८०।६।२५	कालिका टाईम्स प्रा. ली पर्सा	८१६००	१२२४०	१५ प्रतिशत छुट
२	६१।२०८०।६।२५	विकास संचार समाज पर्सा	१०५०००	१०५००	१ प्रतिशत छुट
३	१०९।२०८०।७।२२	कालिका टाईम्स प्रा. ली पर्सा	१२०८००	१८१२०	१५ प्रतिशत छुट
४	४५५।२०८०।१२।४	चन्द्रसूर्य वाणी दैनिक	४००००	१००००	शत प्रतिशत छुट
५	४५६।२०८०।१२।४	प्रवल वाणी दैनिक	३९४००	९८५०	शत प्रतिशत छुट
६	५८२।२०८१।१।२५	ज्योती एडभरटाईजिङ प्रा. ली	५६०००	५६००	१० प्रतिशत छुट
७	५८४।२०८१।१।२५	ज्योती एडभरटाईजिङ प्रा. ली	१२६०००	१२६००	१० प्रतिशत छुट
८	५८५।२०८१।१।२५	चन्द्रसूर्य वाणी दैनिक	४००००	१००००	शत प्रतिशत छुट
९	६२४।२०८१।१।३०	प्रवल वाणी दैनिक	५९७००	१४९२५	शत प्रतिशत छुट
जम्मा				**१०३८३५**	

२८.५ **गाउँपालिका अध्यक्ष छात्रबृत्ती कार्यक्रमः** पालिकाले आफ्नो क्षेत्र भित्र रहेका स्थायी वासिन्दा मधेश विश्विवद्यालयमा अध्ययनरत जेहेनदार विपन्न परिवारका विद्यार्थीलाई निम्न विषयममा अध्ययन गर्न छात्रबृत्ती प्रदान गरेको छ।छात्रबृत्ती रकम विद्यार्थीले प्राप्त गरि विश्वविद्यालयमा भर्ना भई अध्ययन गरेको सुनिश्चित हुनुपर्दछ।

क्र. स	विद्यार्थीको नाम	विश्वविद्यालय	अध्ययनरत विषय	छात्रबृत्ती रकम
१	श्री नुपआलम देवान	मधेश विश्वविद्यालय	कानुन तथा जनप्रशासन संकाय	५००००
२	श्री भागीरथ राउत	मधेश विश्वविद्यालय	कानुन तथा जनप्रशासन संकाय	५००००
३	श्री नवल किशोर पंजीयार	दिपनारायण आदर्श नमुना मा. वि		५००००
जम्मा				**१५००००**

२८.६ **बोयर बोकाः** पालिकाले पशु नसल सुधार कार्यक्रम अन्तर्गत उन्नत जातका बोयर बोका खरिद गरेको छ।सिमलथली एग्रो प्रा ली मकवानपुरबाट ७ वटा बोगर बोका र ७ वटा पाठी रु. ७०००००।० मा खरिद गरि ७ जना कृषकलाई वितरण गरेको छ।बोयर बोका र पाठी बास्तविक किसानले प्राप्त गरे वा नगरेको एकिन गर्न सकिएन।पालिकाले खरिद गरि वितरण गरेको बोका र पाठी अनुगमन गरि सदुपयोग भएको पुष्टि गर्नुपर्दछ।साथै वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२८.७ **प्रशिक्षक भत्ता :** मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को अनुसुचि २ को सि.नं ३ मा सिप।क्षमता विकास तालिम संचालन हुँदा प्रशिक्षकको पारिश्रमिक रु. १०००/- उपलव्ध गराउने तर सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको पारिश्रमिक पाउने उल्लेख छ।पालिकाको क्षेत्र भित्र विभिन्न तालिम संचालन हुँदा बाह्य प्रशिक्षकको पारिश्रमिक प्रति सेसन रु. १०००/- र कार्यपत्र बापत रु. ७००।० गरि प्रति सेसन रु. १७००।० भुक्तानी दिनु पर्नेमा निर्देशिकामा भएको व्यवस्था विपरित प्रति सेसन रु. २५००।० को दरले भुक्तानी भएको छ।प्रशिक्षको पारिश्रमिक बढी भुक्तानी भएको रु. ३५३६०।० सम्बन्धितबाट असुल गर्नुपर्ने रु..

क्र. स	भौ. नं. र मिति	प्रशिक्षकको नाम	सेसन संख्या	भुक्तानी दर	भुक्तानी हुनुपर्ने	बढी भुक्तानी	बढी भुक्तानी कर पछि
मेलमिलाप कर्तालाई रिफ्रेसर तालिम							
१	९१९।२०८१।३।३०	श्री अर्जुन प्रसाद घिमिरे	१६	२५००	१७००	८००	१०८८०
२		श्री कमला देवी विष्ट	१६	२५००	१७००	८००	१०८८०
जनतासँग न्यायीक समितिको क्षेत्राधिकार बारे जनचेतनामुलक कार्यक्रम							
३	९२३।२०८१।३।३०	श्री हरेराम सर्राफ	१०	२५००	१७००	८००	६८००
४		श्री अमय कुमार दास	१०	२५००	१७००	८००	६८००
जम्मा							**३५३६०**

असुल गर्नुपर्ने	३५,३६०

२८.८ **प्रतिवेदन तयारी खर्चः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२८.९ **बिउ विजन खरिदः** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि २०७८ को बुँदा १२ मा कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र विषय अनुदानग्राहीसँग भएको सम्झौताको विवरण अनुसार कार्य भए नभएको पालिकाले अनुगमन गर्नुपर्दछ।तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्र. स	भौ. नं. र मिति	विवरण	रकम
१	१८८।२०८०।९।११	कन्ये च्याउको बीउ ९० प्रतिशत अनुदानमा कृषकलाई वितरण	९००००
२	१६३।२०८०।८।१८	गहुँको बीउ ५० प्रतिशत अनुदानमा कृषकलाई वितरण	४०००००
३	२२४।२०८०।९।२०	मकैको बीउ ५० प्रतिशत अनुदानमा कृषकलाई वितरण	३०००००
४	४०६।२०८०।११।१०	धानको बीउ खरिद गरि कृषकलाई वितरण	५९७८७०

२८.१० **करार कर्मचारीको महंगी भत्ताः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२८.११ **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।त्यस्तै पालिकाले अतिरिक्त कार्य गरे वापत प्रोत्साहन भत्ता कर्मचारीलाई उपलब्ध गराउने निर्णय गरेको छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.९४७३२७।० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी निश्चित कार्यविधि स्वीकृत गरी सोही आधारमा भुक्तानी गर्नुपर्दछ ।

२८.१२ **चौकीदारलाई भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले २७ जना चौकिदारलाई निजको कार्यसम्पादन र स्थान नखुलाई वर्षभरीमा रु.३५६४००। भत्ता वापत रकम भुक्तानी गरेको छ । चौकिदारलाई भत्ता दिन पाउने कानूनी व्यवस्था नरहेकोले पालिकाले आन्तरिक आयलाई समेत विचार गरी कानुन तर्जुमा गरी भत्ता भुक्तानी गर्नुपर्दछ ।

२८.१३ **वडा संचालन खर्चः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानून पठाइएको सम्बन्धमा गाउँपालिका/नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७७ बमोजिम पालिकाले निर्देशिका तयार गर्नुपर्नेमा तयार नगरेको तथा उक्त निर्देशिका बमोजिम वडा कार्यालयको मासिक रु. ५०००।० अतिथि सत्कार तथा चियापान खर्च भुक्तानी हुनुपर्नेमा मासिक रु. ८०००।० भुक्तानी गरेको देखियो ।वडा कार्यालयको अतिथि सत्कार तथा चियापान खर्च बार्षिक रु.४८००००।० भएको छ । पालिकाले निर्देशिका तयार गरी उक्त कानून अनुसार वडा कार्यालयको अतिथि सत्कार तथा चियापान खर्च भुक्तानी गर्नुपर्दछ ।त्यस्तै खर्चको रकम सोझै आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेमा सचिवलाई भुक्तानी दिएको छ।वडालाई वडा संचालनको लागि मासिक कति भुक्तानी हुनुपर्ने सम्बन्धमा सभाको निर्णय पेश भएन । बिलको रकम सोझै आपूर्तकलाई भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।

२८.१४ **गाडी भाडाः** सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेशिफिकेसन, अवस्था र आयु. प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष कार्यालय प्रयोजनकोलागी भनि १ वटा सवारी साधन भाडामा लिई बार्षिक रु. १६८००००। खर्च गर्दा भाडाको लागत अनुमान तयार गरी शिलबन्दी दरभाउपत्र माग गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्नेमा व्यक्ति तथा संस्थासँग सोझै सम्झौता गरेको पाइयो । उक्त गाडी प्रयोग गरेको सवारी लगबुक पेश गरेको देखिएन ।लगबुक पेश नभएकोले भाडामा लिएको सवारी साधन कार्यालय प्रयोजनको लागि प्रयोग भएको यकीन हुन सकिएन । गाडी प्रयोगको व्यवस्थित लगबुक र प्रयोजन खुलाई सोको अभिलेख राख्नुपर्दछ ।पालिकाले खरिद कार्य गर्दा सार्वजिनक खरिद नियमावलीले तोकेको प्रक्रिया अपनाएको नदेखिएकोले नियमावलीमा तोकिएको प्रक्रिया पुरा गरेरमात्र गाडी भाडामा लिने ब्यवस्था हुनुपर्दछ।

२८.१५ **अनुत्पादक खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन । कार्यालयले पुजा, महोत्सव सम्मान, शुभकामना जस्ता कार्यक्रम राखी निम्न अनुसार खर्च गरेको छ । यस्तो अनुत्पादक र प्रतिफल प्राप्त नहुने खर्चमा नियन्त्रण गरी मितव्ययितातर्फ ध्यानदिनुपर्दछ । केही उदाहरण देहाय बमोजिम छन्।

क्र. स.	भौ. नं. र मिति	कार्यक्रम	भुक्तानी पाउनेको नाम	खर्च रकम
१	२७।२०८०।६।१५	दुग्धेश्वरनाथ भाया धाम पुजा खर्च	श्री केशराज कुमार चौधरी	११८८६५
२	३२।२०८०।६।१९	बाल दिवश कार्यक्रम	श्री सोनम चौधरी	१०००००
३	४२।२०८०।६।२२	तिज विशेष कार्यक्रम	श्री रंगपुर युवा सममाज	१०००००
५	१५६।२०८०।८।१५	गढीमाई संरक्षण समिति पुजा खर्च		५००००
६	१६५।२०८०।८।२०	छठ पुजा खर्च	श्री विरेन्द्र प्रसाद चौधरी	१०००००
७	१७१।२०८०।९।५	छठ घाट सजावट	श्री श्याम सुन्दर चौधरी	१२५०००
८	१७२।२०८०।९।५	छठ घाट सजावट	श्री श्याम सुन्दर चौधरी	६७२२०
९	१७९।२०८०।९।११	छठ घाट सजावट	श्री ओम प्रकाश महतो	२२५०००
१०	३२७।२०८०।१०।२३	मेला महोत्सव खर्च		११००००
११	४९८।२०८०।११।१७	माघी महोत्सव खर्च	श्री गोविन्द भैया थारु	५९७०९९
जम्मा				**१५९३१८४**

२८.१६ **अनुदान निकासाः-** पटेर्वा सुगौली गाउँपालिकाको गाउँ सभाबाट बार्षिक नीति तथा कार्यक्रममा र अन्य शीर्षकबाट देहायका विद्यालयलाई निम्न प्रयोजनका लागि अनुदान रकम गाँउ सभाबाट स्वीकृत गरी अनुदान निकासा भएको छ । सो अनुदान उपलब्ध गराउँदा कार्यविधि बनाई खर्चका आधार तोकी शशर्त अनुदान खर्चका लागि निकासा दिनु पर्नेमा सो बेगर रकम निकासा दिएको अनुदानको उपयोगको स्थिती एकिन हुने गरी भौतिक प्रगती सहितको अनुगमन प्रतिवेदन र बिल भरपाई समेत प्राप्त नभएकोले अनुदान रकम तोकिए अनुसार खर्च भए वा नभएको एकीन भएन।पालिकाले अनुदान दिएको तथा अनुदानको उपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

गो. भौ.नं. र मिति	संस्था	प्रयोजन	रकम
१५०-२०८०।८।९	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निचुटा	उच्च मा.बि. संचालन अनुदान १०+२	१२०००००
	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रंगपुर टांडी		१२०००००
	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दा प पर्सा		१२०००००
५६३-२०८१।१।१७	विभिन्न २४ वटा विद्यालय	विधार्थी भर्ना अभियान	१४००००
जम्मा			**३७४००००**

२८.१७(१५०-२०८०-८-९):

बढी निकासाः गाउँपालिकाले श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रंगपुर टांडीलाई उच्च मा.बि. (१०+२) संचालन अनुदान रु. १२०००००।० दिएकोमा विद्यालयबाट शिक्षकको तलबमा रु. १०६५०००।० खर्च भई रु. १३५०००।० बाँकी रहेको देखिन्छ। विद्यालयबाट फिर्ता नभई बाँकी रहेको रकम सम्बन्धित विद्यालयबाट असुल गरि दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,३५,०००

२८.१८(२९-२०८०-६-१७):

शिक्षक स्वयंसेवकः गाँउपालिकाको गाँउसभाबाट स्विकृत गरि बार्षिक बजेट योजना कार्यक्रम अन्तर्गत शिक्षक स्वयंसेवक अनुदान निकासा भएको छ।पालिकाले कार्यविधि वेगर शिक्षक स्वयंसेवक अनुदान दिएको छ।विद्यालयलाई अनुदान दिंदा पालिकाले कार्यविधि तयार गरि विद्यालय र शिक्षकको अनुपात निर्धारण गरि सहायता उपलब्ध गराउनुपर्दछ।

क्र स	विद्यालयको नाम	शिक्षकको नाम	भुक्तानी रकम
१	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निचुटा	प्रा शि श्री संदिप शर्मा	२१८०००
२	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रंगपुर टांडी	मा शि श्री अमृता कुमारी	२७००००
३	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दा प पर्सा	नि मा वि श्री शशि कुमारी राउत	२४४०००
४	श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय रंगपुर टांडी	नि मा वि श्री मातृकला सुवेदी	२४४०००
५	श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय वेलवा	नि मा वि श्री अर्पना कुमारी	२४४०००
जम्मा			**१२२००००**

२८.१९ **अवलोकन भ्रमण खर्चः** स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।नमुना परीक्षणको रुपमा पालिकाले देहायको कर्मचारीलाई अलोकन भ्रमण वापत रु.११७५९७०। भुक्तानी गरेको छ । भुक्तानी भएको रकम मध्ये अधिकाँश रकम खाजा र खानामा खर्च भएको छ । अवलोकन भ्रमण पश्चात पालिकामा कृषि तथा अन्य कुन कुन क्षेत्रमा के परीवर्तन, सुधार तथा कृषि उत्पादनमा वृद्धि भए नभएको सम्बन्धमा यकीन नभएको तथा सो को प्रतिवेदन पेश भएको पाइएन । अध्ययन अबलोकनमा गएको सहभागीहरुलाई के कसरी छनौट गरेको सोको आधार समेत पेश भएको देखिएन । पालिकाले खर्चको उपादेयता पुष्टि हुने गरी खर्चको प्रतिवेदन पेश पश्चात मात्र भुक्तानी दिनुपर्दछ ।

क्र. स	**भौ. नं. र मिति**	**भ्रमण स्थान**	**भ्रमण खर्च**	**कैफियत**
१	२७०-२०८०।९।२५	पोखरा मुस्ताङ मनकामना	२४९८७०	
२	९२९।२०८१।३।३०	चितवन रुपन्देही पोखरा	५०००००	अन्तर जिल्ला कृषक भ्रमण (गाडी भाडा वापत रु१७५०००। भुक्तानि गरेकोमा सो को आधार पेश हुनुपर्ने)
३	९२२।२०८१।३।३०	पोखरा मनकामना	९५०००	जनप्रतिनिध र कर्मचारी
४	९२१।२०८१।३।३०	पोखरा मनकामना	९०२००	जनप्रतिनिध र कर्मचारी
५	९३४।२०८१।३।३०	सौराहा र पोखरा	२४०९००	जनप्रतिनिध र कर्मचारी
जम्मा			**११७५९७०**	

२८.२०(६७४-२०८१-२-२७):

क्यालेन्डर छपाई कार्यः सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड,२०७८ को दफा ६(२) बमोजिम सुचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेन्डर र डायरी छपाई गर्न पाउने छैन ।पालिकाले विणा प्रेस विरगंजबाट २५००

थान क्यालेन्डर रु.२२५०००। मा छपाई गरि भुक्तानी दिएको छ।धेरै संख्यामा क्यालेन्डर खरिद गर्नुको प्रयोजन पुष्टि हुनुपर्दछ।मापदण्ड विपरीत क्यालेन्डर छपाईमा गरेको खर्च नियमसम्मत देखिएन।यसमा नियन्त्रण हुनुपर्दछ ।

२८.२१ **अन्य कार्यालयको खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।नमुना परीक्षणको रुपमा स्थानीय तहले यो वर्ष विभिन्न कार्यालयको कार्यालय व्यवस्थापन खर्चका लागि रु.४४४०७३। भुक्तानी गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन ।पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढदै जाने देखिन्छ ।यस्तो प्रकृतिको खर्चमा नियन्त्रण हुनुपर्दछ ।

क्र. सं	**भौ. नं. र मिति**	**कार्यालय वा संस्थाको नाम**	**कामको प्रकृति**	**भुक्तानी रकम**
१	५५।२०८०।६।२५	जिल्ला प्रशासन कार्यालय विरगंज पर्सा	विविध खर्च	१५०६९७
२	७४२।२०८१।३।५	भूमि सुधार तथा मालपोत कार्यालय पर्सा	श्रेस्ता बाईन्डिङ तथा व्वस्थापन	२९६९०७
जम्मा				**४४७६०४**

२८.२२ **मर्मत खर्चः** सरकारी निकायले स्थायी सम्पत्तिको मर्मत सम्भार गर्दा म.ले.प. फारम नं ४१५ अनुसारको ढाँचामा मर्मत संभार अभिलेख खाता राख्नु पर्ने व्यवस्था छ ।पालिकाबाट पेश भएको विवरणको आधारमा पालिकाले १ थान स्कारपियो, १ थान ट्र्याक्टर, १ थान जे सि बि, १ थान सेफ्टी टयांकी, २७ थान मोटरसाइकल गरी जम्मा ३१ थान सवारी साधन तथा मेशिनरी औजारमा वर्षभरीमा सवारी साधन मर्मत शीर्षकबाट रु.३३ लाख खर्च गरेकोमा मर्मत अभिलेख राखेको पाइएन।मर्मत अभिलेख नरहेकोले कुन सवारी साधनमा वर्षभरिमा के कति मर्मत खर्च भएको सो सम्बन्धमा आश्वस्त हुन सकिएन । पालिकाले मर्मत कार्यमा उपरोक्त खर्च गर्दा खरिद नियमावली,२०६४ बमोजिम खरिद प्रक्रिया नअपनाई सोझै खरिद गरेको छ ।पेश भएको कतिपय मर्मतको बिलमा सवारी साधन नम्बर उल्लेख नभएकोले कार्यालयकै सवारी साधनको बिलको रकम भुक्तानी भएको सम्बन्धमा यकीन हुन सकिएन ।मर्मतको भुक्तानी सोझै पार्टीलाई भुक्तानी हुनुपर्नेमा दुइ पांग्रेको मर्मतको बिल पार्टिलाई भुक्तानी हुनुपर्नेमा कर्मचारी मार्फत हुन गरेको देखियो ।यसले खर्चको भुक्तानीमा पारदर्शिता देखिएन । मर्मत कार्य प्रतिस्पर्धा मार्फत गराई मितव्ययी तरिकाले खरिद गरी तोकिएको मलेप फारम प्रयोग गरी मर्मत कार्यलाई व्यवस्थित बनाउनु पर्छ । खर्चमा मितव्ययिता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । मर्मत आवेदन र मर्मत अभिलेख नरहेको केहि खर्चको भुक्तानी निम्न छनः

गो. भौ. नं. मिति	मर्मत गर्ने निकाय	भुक्तानी पाउने	सवारी नम्बर	मर्मतमा खर्च रकम
३४-२०८०।६।१९	थारु अटो सेन्टर काठमाडौं	थारु अटो सेन्टर काठमाडौं	ना १ झ १६६४	१६६६१८
४०-२०८०।६।२२	डि के हार्डवयर		जे सी वी मर्मत	३०४५३
८०-२०८०।६।३०	विरेन्द्र अटो सर्भिस सेन्टर	कामेश्वर प्रसाद यादव	ना १ झ १६६४	२३८६९
१८३-२०८०।९।११	पी डी सप्लायर्स		जे सी वी मर्मत	१४८७७०
२२८-२०८०।९।२०	वजरंग ट्रेड कन्सर्न	कामेश्वर प्रसाद यादव	ना १ झ १६६४	४०३५८
३०८-२०८०।१०।१४	साकुर भेन्चर्स प्रा ली	गाडी मर्मत	नखुलेको	११०२८०
६३२-२०८१।१।३०	एम ए डब्लु प्रा ली		जे सी वी मर्मत	१७२८०६

२९ स्वास्थ्य तर्फ

२९.१ **तलवी प्रतिवेदन** : स्वास्थ्य सेवा ऐन, २०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका १३ जना कर्मचारीहरुको रु. ९९५५७९२।० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न तोकिए भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता खर्च लेख्नुपर्दछ ।

२९.२ **पारिश्रमिक कर :**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **९,०४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **९,०४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१२,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१२,२५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **२,५०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **७,४९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२९.३ **बढी ग्रेड भुक्तानी :**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **३९,७४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **३९,७४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **२०,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२९.४ **तालिम तथा अन्य कार्यक्रम :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(८) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालिम, सेमिनार, गोष्ठी तथा कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संञ्चालन पेश्की लिई संञ्चालन गरेको स्वास्थ्य तथा अन्य कार्यक्रममा नियमावलीले निर्देश गरे अनुसारको प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराई कार्यक्रम तथा तालिम गर्ने गरेको छ । पालिकाले नियमावली अनुसार तालिम तथा कार्यक्रम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२९.५ **औषधी खरिद :** १५१।२०८१।०२।३१ पालिकाकालाई आवश्यक पर्ने औषधी मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस वर्ष पालिकाले संघीय शसर्त बजेट उप-शिर्षकमा रु. १४९२८८०।०० को औषधी खरिद गरी मेडिसिल्स मेडिको फर्मालाई भुक्तानी दिएको छ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीहरुमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छ छैन र औषधीको प्रयोग र मौज्दात समेत एकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२९.६ **न्यानो झोला कार्यक्रम :** १०८।२०८०।१२।१९ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले कोटेशन मार्फत हलेसी जनरल सप्लायर्सबाट ५०० थान न्यानो झोला खरिद गरि रु. ४४८६१०।०० भुक्तानी दिएको छ । पालिकाको स्वास्थ्य शाखाले दिएको विवरण अनुसार पालिकाका ३ ओटा बर्थिङ सेन्टरमा यस वर्ष ३७९ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । उक्त विवरण अनुसार १२१ थान न्यानो झोला पालिकामा मौज्दातमा रहेको देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गर्नुपर्दछ । गत बर्षको मौज्दात अल्या, खरिद र बाँकी विवरण एकिन भएन ।तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२९.७ **पारिश्रमिक करः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३० **कृषि तर्फ**

३०.१ **कार्यक्रम अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन :** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि २०७८ को बुँदा १२ मा कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र विषय अनुदानग्राहीसँग भएको सम्झौताको विवरण अनुसार कार्य भए नभएको पालिकाले अनुगमन गर्नुपर्दछ । पालिकाले अनुदान कार्यक्रम संचालन गरेकोमा कार्यविधि तयार नगरी लाभग्राही छनौट, कामको मुल्याङ्कन लगायत कार्य नगरी खर्च गरेको छ । कार्यविधि तयार नगरी कृषक छनौट गर्दा वास्तविक लाभग्राही छनोट भई लाभान्वित भए नभएको एकिन हुन सकेन । पालिकाले कार्यविधि निर्माण गरी लाभग्राही छनौट, मूल्याङ्कन, खर्च सम्बन्धी सम्पुर्ण कार्यविधि अनुसार गरी खर्च प्रभावकारी मितव्ययी तथा पारदर्शी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३०.२ **गहुँको बीउ खरिद :** ३८।२०८०।०८।०७ र ४०।२०८०।०८।१० पालिकाले उन्नत गहुँको विउ वितरण (५० प्रतिशत) अनुदान कार्यक्रम अन्तर्गत कृषि सामाग्री कम्पनी लिमिटेडलाई ११ लाख ४ हजार भुक्तानी गरेको छ । कृषकसँग उपलब्ध खेति योग्य जग्गा तथा

कृषकको अवस्थाको आधारमा कोटा तयार गरी वितरण गर्नुपर्नेमा सो गरेको छैन। पेश भएको भर्पाइमा किसानको सम्पर्क नम्बर उल्लेख नभएको, परिचय खुल्ने कागजात सँलग्न नरहेको तथा सम्बन्धित वडा कार्यालयको सिफारिश बेगर पदाधिकारी तथा कर्मचारीको तजविजको आधारमा वितरण भएको देखिन्छ ।यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।

• सार्वजनिक निकायले खरिद नियमावली ,२०६४ बमोजिम खरिद कार्यको लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा लागत अनुमान तयार नगरी सोझै कृषि सामाग्री कम्पनी लिमिटेडको खातामा रकम ट्रान्सफर गरेको छ ।

• प्राप्त भएको गहुँको बिउको उमार शक्ति परीक्षण गरेर मात्र उपभोक्तालाई वितरण गर्नुपर्नेमा सो वेगर भुक्तानी दिएको छ ।

सार्वजनिक खरिद ऐनको पूर्ण पालना गरी खरिद गरी कृषकसँग उपलब्ध खेती योग्य जग्गा तथा कृषकको अवस्थाको आधारमा प्रति किसान कोटा तयार गरी वितरण गर्नुपर्दछ ।

३१ **स्रेस्ता पेश नभएको :** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।लेखापरिक्षण कार्यको लागि देहायका भौ.न.का स्रेस्ताहरु पेश नभएकोले व्यवस्थित रुपमा स्रेस्ता राखि लेखापरीक्षणमा पेश नगर्नेलाई जिम्मेवार बनाई उक्त खर्चको स्रेस्ता पेश हुनुपर्ने रु.

भौ.नं. / मिति	व्यहोरा	रकम
२७८।२०८१।०३।३०	दिगो बन व्यवस्थापन कार्यक्रम बापत निर्मल कुमार सिँहको पेफ	२०००००
२७९।२०८१।०३।३०	संस्थागत सुदृढीकरण कार्यक्रम बापत निर्मल कुमार सिँहको पेफ	७००००
	जम्मा	**२७००००**

प्रमाण पेश नगरेको	२,७०,०००

३२ **उत्पादित बस्तुको बिक्रि तथा स्टोर दाखिला :** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा ३९(१) मा तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्बन्धित प्रशिक्षकको दायित्व हुनेछ तथा बुँदा ३९(२) मा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्रि गर्न सकिने र बिक्रिबाट प्राप्त रकम शाखाले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने त्यस्तै उपबुँदा २ बमोजिम विक्रि हुन नसकेका सामानहरु ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष सीप विकास तालिममा तयार भएका मसला, सर्फ सामाग्रीहरुको दाखिला समेत गरेको देखिएन र अवस्था समेत खुलाएको छैन । यस सम्वन्धमा तयार भएका सामग्रीहरु दाखिला गर्नुपर्दछ ।

३३ **शिक्षा तर्फ**

३३.१ **शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ ।पालिकाबाट प्राप्त विवरण अनुसार कुल विद्यालय संख्या २४ वटा, शिक्षक दरबन्दी १३३ रहेकोमा शिक्षक पदपूर्ति १२८ र विद्यार्थी संख्या ९०७२ रहेको उल्लेख गरेको छ ।उक्त विवरण अनुसार विद्यार्थी शिक्षक अनुपात ७१:१ देखिन्छ ।शिक्षा नियमावली, २०५९ विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१, र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । केही विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखिन्छ । विद्यार्थी संख्या पहुँच लगायतका व्यहोरालाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभी सरकारी खर्चलाई प्रभावकारी मितव्ययी तथा प्रभावकारी बनाउनुपर्दछ ।

क्र.स.	विद्यालय नाम	दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार / राहत	विद्यार्थी संख्या
१	श्री ने.रा.मा.वि. सुगौली दा.प.	१७	१६	१३	११०७
२	श्री ने.रा.मा.वि. रंगपुर टांडी	१७	१६	८	१२८७
३	श्री ने.रा.मा.वि. निचुटा	१४	१४	११	१४३९
४	श्री ने.रा.आ.वि. बेलवा	६	६	५	३४७
५	श्री ने.रा.आ.वि. लक्ष्मीपुर	६	६	६	३०६
६	श्री जनता आ.वि. पथरैया	६	६	४	२५०
७	श्री ने.रा.आ.वि. पटेर्वा	१०	१०	६	४६७
८	श्री ने.रा.आ.वि. कन्चनपुर बैरिया	५	४	३	४७६
९	श्री ने.रा.आ.वि. बजैनाथपुर थरघट्टी	६	५	३	१९४
१०	श्री ने.रा.आ.वि. देउरीया	७	७	५	२८३
११	श्री ने.रा.आ.वि. मनिहार्वा	५	५	१	३३९
१२	श्री ने.रा.आ.वि. फरहादवा	४	४	४	१९३
१३	श्री ने.रा.आ.वि. उत्तरवारी सुगौली	५	५	३	१४५
१४	श्री ने.रा.आ.वि. अकवा	४	३	२	१५०
१५	श्री ने.रा.आ.वि. रामपुर	३	३	१	२६९
१६	श्री वनदेवी आ.वि. भतौडा	३	३	२	३६५
१७	श्री ने.रा.आ.वि.रामभौरी भाठा	४	४	२	३२२
१८	श्री ने.रा.आ.वि. थरकट्टी चाफी	२	२	२	१३८
१९	श्री अरुणोदय कोपीला आ.वि. चाफी	१	१	१	३४
२०	श्री मदर्सा सुलेमानिया दारुल उलुम सोनवर्षा	१	१	१	३७०
२१	श्री गादीमाई आ.वि. पश्चिम देकुली	२	२	१	१६२
२२	श्री जयदुर्गे दलित आ.वि. मोरटोल	२	२	२	९९
२३	श्री ने.रा.आ.वि. विश्राम टोल	२	२	२	१७९
२४	श्री ने.रा.आ.वि.पूर्व देकुली	१	१	१	१५१
	जम्मा	१३३	१२८	८९	९०७२

३३.२ **विद्यालयगत निकासा खाता :** विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को खण्ड १ अनुसार सशर्त अनुदान विद्यालयलाई निकासा दिँदा अद्यावधिक शैक्षिक तथ्यांक २०८० लाई आधार लिने, यसको अतिरिक्त सत्यापन गरिएको तथ्याङ्क अनुसार दिन सकिने व्यवस्था छ।प्रत्येक विद्यालयले बजेट निकासा माग गर्दा अघिल्लो आ.व. त्रैमासिकमा निकासा भएको बजेटको प्रगति विवरण,अनुदान मागको विवरण, वि.व्य.स.को

निर्णय र शैक्षिक तथ्याङ्कसहित स्थानीय तहमा अनिवार्य रुपमा पेश गर्नुपर्ने, स्थानीय तहले विद्यालयबाट पेश हुने प्रगति विवरणलाई आधार बनाइ विद्यालयमा बजेट निकासा दिने र निकासा दिँदा अनुदान शीर्षक,गर्नुपर्ने काम र बजेट उल्लेख भएको अनुदान निकासा पत्र विद्यालयलाई उपलब्ध गराई सोको समष्टिगत विवरण स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्थासमेत मिलाउने प्रावधान छ।सो अनुसार पालिकाले IEMIS मा शिक्षक कर्मचारीहरुको विवरण अद्यावधिक र विद्यालयगत निकासा खाता तयार,सार्वजनिकिकरण साथै प्रगति विवरणसगँ भिडान गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन।अत: विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।पालिकाले अनुदान निकासा सम्बन्धमा कार्यक्रम कार्यान्वियन पुस्तिकाको उल्लेखित प्रावधान र IEMIS सम्बन्धी केन्द्रको सूचना तथा परिपत्र कार्यान्वियन तर्फ ध्यान दिनुपर्दछ।

३३.३ **एस.ई.ई. नतिजा :** पालिका अन्तर्गत सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा डी वा सो भन्दा उच्च ग्रेड सहित उत्तर्ण प्रतिशत ४०.६९ रहेको देखिन्छ ।पालिकाले शिक्षाको गुणस्तर बढाउन निरन्तर प्रयास गर्नुपर्दछ ।

जम्मा परीक्षामा सम्मिलित विद्यार्थी संख्या	१.६ GPA वा सो भन्दा माथि ल्याउने विद्यार्थी संख्या	प्रतिशत
२३१	९४	४०.६९

३३.४ **दिवा खाजा कार्यक्रम :** पालिकाले यस बर्ष सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.११.१ अनुसार प्रति विद्यार्थी १५ का दरले २४ वटा विद्यालयको खातामा १७३ दिनको रु. १०४८८१९५।०० निकासा खर्च लेखेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ को अनुसुचि ७ बमोजिम विद्यालयले चौमासिक विवरणका आधारमा तथ्याङ्क भरेर माग गर्नुपर्ने व्यवस्था छ।दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहमा एक उपसमिति गठन गर्नुपर्ने, अभिभावक आमा समूह गठन गर्नुपर्ने, स्थानीय तहले उपस्थित विद्यार्थी संख्याअनुसार खाजा आपूर्ती भए नभएको अनुगमन तथा मूल्याकंन गर्नुपर्ने र दोस्रो त्रैमासिक देखि निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेर मात्र निकासा गर्नु पर्दछ।पालिकाले देहाय अनुसार निकासामा दिवा खाजा संचालन भएकोमा समिति समूह गठन र भूमिका नदेखिएको, EMIS मा प्रविष्ट तथ्याङ्कलाई सत्यापन नगरीएको, विद्यालयको माग पत्रलाई लेखापरीक्षणको क्रममा पेश नगरिएको, विद्यालय व्यवस्थापन समितिबाट प्रमाणित भएको विवरण उपलब्ध नभएको, परीक्षाको उपस्थिति गणना तथा अनुगमन विवरण उपलब्ध नभएको हुदाँ उपस्थित विद्यार्थी संख्या यकिन गर्न सकिएन।स्थानीय तहबाट निरीक्षण अनुगमन नभएको, विलभरपाइ पेश नभएको र खर्च विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन नभएकोले दिवा खाजा बापत निकासा भएको रकम बढि निकासा भएको छैन भन्न सक्ने अवस्था छैन।अत: प्रत्येक विद्यालयमा अनुगमन गरी निर्देशिका बमोजिम अन्तिम परिक्षामा सहभागी भएका विद्यार्थीको हाजिरीसँग IEMIS तथ्यांकसँग सत्यापन गराई निकासा भएको रकम एकिन गर्नुपर्दछ।यस सम्बन्धमा थप विश्लेषण गरी निकासा भएको रकम र विद्यालयहरुले पेश गरेको दिवा खाजाको वील भरपाई भिडान गरेको शिक्षा शाखाबाट प्रमाणित प्रतिवेदनसहित पालिकाबाट दिवा खाजा खर्च निकासा सम्बन्धमा स्थानीय तहमा रहने उपसमितिबाट अनुगमन मूल्यांकन प्रतिवेदन पेश गर्नुपर्दछ।

गौश्वार भौचर नं.	मिति	रकम
३	२०८०।०६।१२	१९६११६०
४१	२०८०।०८।१८	३०३७५००
८३	२०८०।१०।२७	४७५५६०
१०६	२०८०।१२।०७	१२२३७००
११३	२०८१।०१।१३	४०३५१५
१५४	२०८१।०२।३१	२१५४०७५
१५५	२०८१।०२।३१	१७०१०
२४१	२०८१।०३।२३	१२१५६७५
	जम्मा	**१०४८८१९५**

३३.५ **निःशुल्क पाठ्यपुस्तक :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा विद्यालयलाई पाठ्यपुस्तकबापतको रकम तेस्रो त्रैमासिकभित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। क्रियाकलाप नं.२.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याँकलाई विद्यार्थीहरुको यथार्थ तथ्याँकसँग सत्यापान गराइ सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी अनुदान दिनुपर्ने व्यवस्था छ। तर पालिका अन्तर्गतका २४ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम गौ.भौ.नं ११६।२०८१।०१।१६ गौ.भौ.नं ११७।२०८१।०१।१७ गौ.भौ.नं १४४।२०८१।०२।१६ बाट रु. २६३७२४२।०० बैशाख र जेठ महिनामा निकासा गरेको पाइयो। उक्त ७५ प्रतिशत रकमले विद्यार्थीहरुलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन नगरी र सत्यापन नगरी बाँकी रकम गौ.भौ.नं १८७।२०८१।०३।१३ बाट रु. ७०३६५२।०० असार महिनामा निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था भएन। यस वर्ष १ देखि १० कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु. ३३४०८९४।०० खर्च लेखेकोमा विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन प्रतिवेदन पेश गरी पाठ्यपुस्तक उपलब्धताको सुनिश्चितता गर्नुपर्दछ।

३३.६ **छात्रवृत्ति :** २२५।२०८१।०३।२१ शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकाको २०८०।०८१ को क्रियाकलाप नं. ७.२.१.१ मा गैर आवासिय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागका आधारमा तेश्रो त्रैमासिकमा विद्यालयलाई अनुदान दिने तथा विद्यालय शैक्षिक सत्र सुरु भएको २ महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नु पर्ने र पालिकाले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारीता अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष २३ विद्यालयलाइ रु. १२९७८००।० भुक्तानी दिएकोमा केही विद्यालयले लेखापरीक्षणको अवधिसम्म वितरण गरेको भरपाइ पेश गरेता पनि निम्न विद्यालयले छात्रवृत्ति वितरण भरपाई पेश गरेका छैनन् । अत : पालिकाले निम्न विद्यालयले समयमै छात्रवृत्ति वितरण गरी वितरणको भरपाई तथा पालिकाले अनुगमन गरेको प्रभावकारिताको प्रतिवेदन पेश गर्नुपर्दछ ।

क्र.स.	विद्यालय	कुल जम्मा निकासा
१	श्री ने.रा.आ.वि. थरकट्टी चाफी	२०४००
२	श्री गादीमाई आ.वि. पश्चिम देकुली	३२४००
	जम्मा	५२८००

३३.७ **नपाउने छात्रवृत्ती :** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकाको २०८०।०८१ को क्रियाकलाप नं. ७.२.१.१ को ४.२ मा कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुलाई छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त छात्रवृत्ति अनुदान देहायका विद्यालयहरुमा कक्षा १ देखि ८ सम्मका विद्यार्थी बाहेकका अन्य कक्षाका विद्यार्थीहरुलाई समेत वितरण गरेको अनियमित देखिएको रु.

क्र.सं.	विद्यालयको नाम	विवरण	निकासा रकम रु
१	श्री ने.रा.मा.वि. सुगौली दाप	कक्षा ९ र १० लाई वितरण	३४०००
२	श्री ने.रा.आ.वि. कञ्चनपुर बैरिया	प्रारम्भिक बालविकासलाई वितरण	६८००
३	श्री जनता आ.वि. पथरैया पर्सा	प्रारम्भिक बालविकासलाई वितरण	६०००
	जम्मा		**४६८००**

अनियमित भएको	४६,८००

३३.८ **स्यानिटरी प्याड :** १९६।२०८१।०३।१८ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को बुँदा नं ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै बुँदा नं ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले डिजन मल्टिपर्पोज सप्लायर्स प्रा.लि. बाट १३१५० थान स्यानिटरी प्याड रु. ११५९०४१।० (मु.अ.कर समेत) मा खरिद गरि निम्न १३ विद्यालयलाइ १०१५२ थान वितरण गरी २९९८ थान मौज्दातमा राखेको छ। पालिकाले छात्राको संख्या र खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकाले छात्राहरुको संख्यासँग भिडान गरी आवश्यकता निर्धारण गरेको छैन भने बर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु विद्यालयमा भण्डारण क्षमता भए नभएको एकिन नगरी वितरण गरिएको छ । भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्दछ।तसर्थ, पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ। अत : पालिकाले वितरण भएको प्याडको अभिलेख राखि बाँकी स्यानेटरी प्याड समयमै वितरण गरी सम्बन्धित विद्यालयहरुले विद्यार्थीहरुलाई वितरण गरेको यकिन गर्नुपर्दछ।

क्र स	विद्यालय नाम	वितरण थान
१	श्री ने.रा.मा.वि. सुगौली दा.प.	२२३२
२	श्री ने.रा.मा.वि. रंगपुर टांडी	२१६०
३	श्री ने.रा.मा.वि. निचुटा	१३६८
४	श्री ने.रा.आ.वि. बेलवा	१०८०
५	श्री ने.रा.आ.वि. लक्ष्मीपुर	१४४
६	श्री जनता आ.वि. पथरैया	१४४
७	श्री ने.रा.आ.वि. पटेर्वा	१५१२
८	श्री ने.रा.आ.वि. बजैनाथपुर थरघट्टी	७९२
९	श्री ने.रा.आ.वि. देउरीया	७२
१०	श्री ने.रा.आ.वि. मनिहार्वा	१४४
११	श्री ने.रा.आ.वि. रामपुर	२१६
१२	श्री ने.रा.आ.वि.रामभौरी भाठा	२८८
	जम्मा	१०१५२

३३.९ **विद्यालय व्यवस्थापन समितिको गठन :** शिक्षा ऐन २०२८ (नवौं संशोधन) को दफा १२ मा विद्यालय व्यवस्थापन समितिको गठन तथा दफा १२ उपदफा (६) मा उक्त समितिको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था गरेको छ । पालिकाका निम्न विद्यालयमा यस वर्ष विद्यालय व्यवस्थापन समिति गठन भएको छैन । जसले विद्यालय व्यवस्थापन समितिको निर्णय वेगर खर्च गरिरहेको देखिन्छ । विद्यालयले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रकृयामा पालिकासँग समन्वय गरी पहल गर्नुपर्ने तथा पालिकाले समेत समन्वय गरी गठन प्रकृयालाई टुङ्ग्याउनुपर्दछ ।

क्र.स.	विद्यालयको नाम
१	श्री ने.रा.मा.वि. रंगपुर
२	श्री ने.रा.आ.वि. विश्रामपुर गादी
३	श्री अरुणोदय कोपिला आ.वि. चाफी
४	श्री जयदुर्गे दलित आ.वि. मोरटोल
५	श्री ने.रा.आ.वि. देउरिया

३३.१० **इन्टरनेट खर्च :** ८२।२०८०।१०।२७ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१० को ५.५ मा सुचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रति विद्यालय रु १२०००।० अनुदान दिन सक्ने व्यवस्था छ । पालिकाले निम्न विद्यालयलाई इन्टरनेट बापतको रकम निकासा गरेकोमा लेखापरीक्षणको अवधिसम्ममा पनि इन्टरनेट जडान गरेको नपाइएकोले जडान गरी सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

क्रसं	विद्यालय	रकम
१	श्री ने.रा.आ.वि. कन्चनपुर बैरिया	१२०००।०
२	श्री ने.रा.आ.वि. रामभौरीभाठा	१२०००।०
३	ने.रा.आ.वि. रामपुर पर्सा	१२०००।०
४	श्री ने.रा.आ.वि. थरकट्टीचापी	१२०००।०
५	श्री अरुणोदय कोपिला आ.वि. चाफी	१२०००।०
६	श्री ने.रा.आ.वि. विश्रामटोल गादी	१२०००।०
७	श्री ने.रा.प्रा.वि. पूर्व देकुली	१२०००।०
८	श्री गादीमाई आ.वि. पश्चिम देकुली	१२०००।०
९	श्री वनदेवी आ.वि. भतौडा	१२०००।०
१०	श्री ने.रा.आ.वि. उत्तरबारी सुगौली	१२०००।०
११	श्री ने.रा.आ.वि. अकवा पर्सा	१२०००।०
१२	श्री जयदुर्गे दलित आ.वि. मोरटोल	१२०००।०
१३	श्री ने.रा.आ.वि. देउरिया	१२०००।०
	जम्मा	१५६०००

प्रमाण पेश नगरेको	१,५६,०००

३४ **पेश्की तर्फ**

३४.१ **पेश्की लिएर धेरै ढिला कार्यक्रम संचालन** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल भरपाई र कागजात सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने , नियम ४७(५) मा प्रतिवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी ७ दिनभित्र त्यस्तो पेश्की फस्र्यौट गरिसक्नुपर्ने र नियम ५१ मा कुनै कर्मचार ीले लिएको पेश्की फर्छयौट गर्न निर्धारित म्यादभित्र आवश्यक कागजात नबुझाएमा कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको तलब, भत्ता रोक्का गर्न वा निजले पाउने मासिक तलब वा अन्य सुविधाबाट कट्टा गरी त्यस्तो पेश्की असुल गरी फस्यौंट गर्न सक्ने व्यवस्था भएको छ । कार्यालयले विभिन्न कर्मचारीलाई कार्यक्रमको लागि पेश्की दिएकोमा समयमा कार्यक्रम संचालन नगरी पेश्की रकम आफुसँग राख्ने र पेश्की लिएको मिति भन्दा धेरै पछि मात्र कार्यक्रम संचालन गर्ने गरेको पाईयो । कार्यालय प्रमुखले पेश्कीको अनुगमन गरी पेश्की लिएर समयमै कार्यक्रम संचालन नगर्ने कर्मचारीलाई आवश्यक कारवाही गरेको पाईएन ।नियमानुसार पेश्की व्यवस्थापन गर्नुपर्दछ ।केहि उदाहरण निम्न छनः

पेश्की लिने कर्मचारीको नाम	कार्यक्रम	पेश्की दिएको गो.भौ.नं.र मिति	पेश्की रकम	पेश्की फस्यौंट गो.भौ.नं.र मिति
जगन्नाथ साह	CBIMNCI	२२।२०८०।०६।३०	३४००००	२७१।२०८१।०३।३०
जगन्नाथ साह	स्वास्थ्यकर्मीहरुलाई इम्प्लान्ट तालिम	५९।२०८०।०९।२०	२०००००	२७२।२०८१।०३।३०
केशराज कुमार चौधरी	लघु उद्यम विकास कार्यक्रम	६२।२०८०।०९।२३	७७४००	२७४।२०८१।०३।३०
लोकराम भुल	लघु उद्यम विकास कार्यक्रम	१०९।२०८०।१२।२६	२०००००	२७६।२०८१।०३।३०
विरेन्द्र राम सार्की	लघु उद्यम विकास कार्यक्रम	११०।२०८०।१२।२६	१६४०००	२७७।२०८१।०३।३०

३४.२ **पेश्कीमाथि पेश्की :** कार्यालयले कर्मचारीलाई कार्यक्रम संचालन गर्न दिएको पेश्की रकम कार्यक्रम संचालन गरी पेश्की फर्स्यौट पश्चात मात्र नियमानुसार अर्को पेश्की दिनुपर्नेमा बाँकी रहेको पेश्की फर्स्यौट नगरिकन पुन पेश्की दिने गरेको पाईयो ।यसमा सुधार हुनुपर्दछ ।

३५ **प्रधानमन्त्री रोजगार तर्फ**

३५.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम :** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १० योजना सञ्चालन गरी यस वर्ष ६३ जनालाई औसत ८७.९८ दिनले ५५४३ दिन रोजगारी उपलव्ध गराई रु. ३७०२७२४।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार खुलाउनुपर्दछ । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

क्र सं	योजनाको नाम	ज्याला खर्च
१	वडा नं. १ सडक मर्मत	३०४६०८
२	वडा नं. १ कुलो नाला सडक सरसफाई	४००८००
३	वडा नं. २ को भुमरी माई क्षेत्र गोडमेल तथा सरसफाई	३३८६७६
४	वडा नं. २ कुलो नाला सरसफाई	४१६८३२
५	वडा नं. ३ को सडक मर्मत	३९२७८४
६	वडा नं. ३ नाला तथा सडक सरसफाई	३०४६०८
७	वडा नं. ४ सडक मर्मत	३९२७८४
८	वडा नं. ४ मा सडक नाला तथा सार्वजनिक स्थल सरसफाई	४३०१९२
९	वडा नं. ५ सडक मर्मत	३६०७२०
१०	वडा नं. ५ मा नाला तथा सार्वजनिक स्थल सरसफाई	३६०७२०
	जम्मा	३७०२७२४

३५.२ **प्रगति समिक्षा :** प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को बुंदा नं ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समिक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धी प्रगति समिक्षा गरेको पाइएन । पालिकाले आगामी आर्थिक वर्षमा चौमासिक तथा वार्षिक समिक्षा गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

३५.३ **सार्वजनिक सुनुवाईः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को बुंदा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १० योजना संचालन गरेकोमा एकपटक पनि सार्वजनिक सुनुवाई गरेको पाइएन । अत : सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

३६ **कन्टिजेन्सी खर्चः-** यस पालिकाले हरेक योजनामा ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो। योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति काटियो भन्ने यकिन हुन सकेन। कन्टिन्जेन्सीको समेत खाता नराखेको कारण कति काटियो र कति खर्च गरियो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन्। आयोजनागत खर्च स्पस्ट हुने गरी अभिलेख खाता राख्नुपर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाईयो । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नुपर्दछ ।

३७ **जिल्ला दर भन्दा बढी भुक्तानी**

३७.१ भौचर नं. २८७।८१।०३।२४ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १०(१) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रहि तोकिएको नर्मस प्रयोग गर्नुपर्ने र उप नियम ४ अनुसार लागत अनुमान तयार गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने र नियम १२३(ख) मा बिल विजक भुक्तानी गर्दा वस्तविक कार्य सम्पादन र दररेटको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसारका सिंचाइका लागी विधुत ब्यवस्थापन कार्यका लागी तारपोल खरिद तथा जडान कार्यमा ९ एम एम पि एस सि पोल ९ मिटरको पर्सा जिल्ला दररेट निर्धारण समितिले तयार गरेको दर प्रति थान रु ७७१८।० मा १५ प्रतिशत ओभरहेड समेत जोड्दा रु ८४९०।० पर्नेमा भुक्तानी गर्दा प्रति पोल रु ११४१०।० का दरले रु २९२०।० ,११ एम एम पि एस पोल प्रति थान रु १५४३५।० मा १५ प्रतिशत ओभरहेड समेत जोड्दा रु १७७५०।० पर्नेमा भुक्तानी गर्दा प्रति पोल रु २३५९०।० का दरले रु ५८४०।० र ASCR 0.05 SQR जिल्ला दर रेट रु ५२९२०।० मा १५प्रतिशत ओभरहेड समेत रु ६०८५८।० पर्नेमा भुक्तानि गर्दा रु ७४५९०।० दरले रु १३७३२।० बढि भुक्तानी गरेको देखिएको छ।यसरी स्थानीय श्रोत साधनको उपलब्धतालाई समेत विचार गरी तोकिएको दर र किफायती नर्मस प्रयोग गरी निर्माण कार्य गराउनुपर्नेमा नेपाल विधुत प्राधिकरणबाट तयार गरेको दर रेटको आधारमा भुक्तानी गरी पालिकालाइ थप रु १७९५१२ व्ययभार पर्न गएको देखिन्छ ।

सि नं	भौचर नं र मिति	विवरण	संख्या	फरक दर	बढि भुक्तानी	फर्मको नाम
१	२८७।८१।३।२३	कृषि सिचाई योजना पोल खरिद तथा जडान कार्य	११ एम एम १० वटा	५८४०	५८४००	एसके निर्माण सेवा
		कृषि सिचाई योजना पोल खरिद तथा जडान कार्य	९एम एम २९ वटा	२९२०	८४६८०	
		कृषि विधुतीकरण तार खरिद तथा जडान कार्य	१.१५ किमि	१३७२२	१५७८०	
					१५८८६०	१७९५१२ भ्याट समेत

३७.२ भौचर न ८९।८०।११।२९ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १०(१) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रहि तोकिएको नर्मस प्रयोग गर्नुपर्ने र उप नियम ४ अनुसार लागत अनुमान तयार गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने र नियम १२३(ख) मा बिल विजक भुक्तानी गर्दा वस्तविक कार्य सम्पादन र दररेटको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारका सिंचाइका लागी विधुत ब्यवस्थापन कार्यका लागी तारपोल खरिद तथा जडान कार्यमा ९ एम एम पि एस सि पोल ९ मिटरको पर्सा जिल्ला दररेट निर्धारण समितिले तयार गरेको दर प्रति थान रु. ७७१८।० मा १५ प्रतिशत ओभरहेड समेत जोड्दा रु. ८४९०।० पर्नेमा भुक्तानी गर्दा प्रति पोल रु ९३९४।० का दरले रु. ९०४।० र ASCR 0.05 SQR जिल्ला दर रेट मा ५२९२०।० मा १५प्रतिशत ओभरहेड समेत रु. ६०८५८।० पर्नेमा भुक्तानी गर्दा रु. ६७७००।० दरले रु. ६८४२।० बढि भुक्तानी गरेको देखिएको छ।यसरी स्थानीय श्रोत साधनको उपलब्धतालाई समेत विचार गरी तोकिएको दर र किफायती नर्मस प्रयोग गरी निर्माण कार्य गराउनुपर्नेमा जिल्ला दर रेटमा उक्त सामान प्राप्त गर्न नसकिने भएकोले नेपाल विधुत प्राधिकरण विरगंजको दररेट माग गरी सोही अनुसार भुक्तानी गरेकोले पालिकालाई रु ४७८८६ थप व्ययभार पर्न गएको देखिन्छ । सम्भव भएसम्म किफायती दर नै प्रयोग गर्ने व्यवस्था हुनुपर्दछ ।

सि नं	भौचर नं र मिति	विवरण	संख्या	फरक दर	बढि भुक्तानी	फर्मको नाम
१	८९।८०।११।२९ गापा पूँजिगत	कृषि सिचाई योजना पोल खरिद तथा जडान कार्य	९एम एम ३० वटा	९०४	२७१२०	ॐ निर्माण सेवा
		कृषि विधुतीकरण तार खरिद तथा जडान कार्य	२.२३ किमि	६८४२	१५२५७	
जम्मा रु					४२३७७	४७८८६।०भ्याट समेत

३८ **खरिद तर्फ**

३८.१ **वार्षिक खरिद योजना/गुरुयोजना** – सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले नगरपालिका पूजीगत रु १२ करोड ०४ लाख ७८ हजार र संघिय सशर्त अन्तर्गत ०१ करोड ४४ लाख ५६ हजार र प्रदेश सरकारवाट ३० लाख गरी जम्मा रु. १३७९३४०००।० पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ ।तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको छैन।उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३८.२ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिका सँग घर जग्गाको लगत, सवारी साधनको लगत,उपकरणको लगत ,सरकारी सार्वजनिक जग्गाको लगत तथा सो को सँरक्षणको लागी गरेको प्रयासको विवरण माग गरेकोमा सो अनुसारको विवरण पेश गरेको छैन। यस्तो विवरण पेश नहुँदा मितव्ययी तरिकाले खरिद गरेको, जिन्सी दाखिला तथा सँरक्षण, अन्यत्र असम्बन्धित क्षेत्रमा खर्च प्रवाह गरेको, विग्रेको टुटे फुटेको प्रयोग नभएको, गुणस्तरीय सामग्री संरचना भएको सरकारी सम्पती सँरक्षण गरेको तथा सरकारी सार्वजनिक जग्गा सँरक्षण गरेको सम्बन्धमा विश्वस्त हुन सकिएन ।

३८.३ **कोटेशन मार्फत निर्माण कार्य** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम तथा नियमावली, २०६४ को नियम ८५ मा रु. १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउपत्र माग गरी खरीद गर्नुपर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने, प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मूल्यमा खरिद गर्नुपर्ने तथा एउटै प्रकृतिका समान प्रतिस्पर्धी मूल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नुपर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०८०।८१ मा बोलपत्र वा शिलवन्दी दरभाउपत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्वारा गरेको देखिन्छ ।यसरी योजनाको प्रमाण सहितको अभिलेख राखेको देखिएन।साथै उक्त कार्यको ल्याब परीक्षण समेत गरेको देखिएन ।यसरी एउटै प्रकृतिका कार्य फरक फरक लागत अनुमान तयार गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा १ प्रतिशत देखि ३ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने यस्तै प्रकृतीका निर्माण कार्य बोलपत्रको माध्यामवाट गराउँदा करिब ३० देखि ३५ प्रतिशतसम्म घटी प्रतिस्पर्धा हुने गरेको देखिन्छ ।यसरी प्रतिस्पर्धा नगरी सोझै रु.४७९१८६७४।२० कोटेशनद्वारा पालिकाले खर्च लेखेको देखिन्छ ।अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ ।निम्नानुसार रु ५ लाख भन्दा माथी कोटेसन वाट गरेका केही उदाहरण निम्न प्रकार छनः

क्र.स.	योजनाको नाम	लागत अनुमान	सम्झौता रकम	भुक्तानी	निर्माण व्यसायिको नाम
१	वडा नं.१ कन्चनपुर नेक महम्द अंसारीको घर देखि रामधारी मुखियाको घर सम्म बाटो ढलान	९६९९६५	९६४५३१	९१८३१४	नभ्या निर्माण सेवा पटेर्वा सुगौली ५
२	वडा नं.१ कन्चनपुरको मुल सडक ढलान	९६९७७१	९६४६७७	९१८०९८	दुग्देश्वर महादेव मल्टी प्रपोज प्रा.लि.
३	वडा नं.१ भाथा टोल बिषणु लामाको घर देखि डाक्टरको घर सम्मको अधुरो ढलान	९६९८१७	९६३१६९	९१७०३६	संजना निर्माण सेवा जगरनाथपुर
४	वडा नं.१ वकिल मियाको घर देखि हैदर अंसारीको घर सम्म अधुरो नाला निर्माण	९६९७४५	९६५१६६	९१८६९८	रजनिश कन्ट्रक्सन जगरनाथपुर गा.पा. ६
५	वडा नं.३ पश्चिम देकुली देखि पूर्व देकुली जानेबाटोमा माटो पुरी ग्रेभल	९७३६८९	९६६७३४	९१५९१०	आकृति एण्ड एन्जल निर्माण सेवा पटेर्वा सुगौली गाउँपालिका
६	वडा नं. ४ आकवा जलेश्वर पजियारको घर देखि राजेन्द्र राउतको घर सम्म सडक ढलान	९६९५११	९६४६६३	८१६०८२	समाज निर्माण सेवा जिराभवानी गा.पा.४
७	वडा नं.४ पथरैया पल्टन राउतको घर देखि सहदेव राउतको घर सम्म अधुरो ढलान	९६९५९१	९६६३३०	९२००७२	जय कन्स्ट्रक्सन जिराभवानी गा.पा.५
८	वडा नं.४ र ३ का प्रमुख सडकहरु मर्मत	९७३३००	९६८१३०	९१७१६७	रिना एण्ड कृष्णा निर्माण सेवा पटेर्वा
९	वडा नं.५/४ मा रहेको र १ का प्रमुख सडकहरु मर्मत	९७३७०३	९६८१३०	९१६९५३	उषा निर्माण सेवा पटेर्वा सुगौली गा.पा
१०	गा.पा.स्तरिय बोरिङ जडान ८५ प्रतिशत अनुदानमा	९५०९१७	९४६८७०	८९६५७६	आरती कन्स्ट्रक्सन
११	भुमिसुधार कार्यालय पर्सामा सुबिधा सहितको शौचालय निर्माण	९७०५८१	९६४३७६	९१४४७२	महाबिर कन्स्ट्रक्सन एण्ड कन्सलटेन्सि
जम्मा रकम			१०६०२७७६	९९६९३७८	

३८.४ **दर विश्लेषण भन्दा बढी भुक्तानी :** सार्बजनिक खरिद नियमावली २०६४ को नियम १०(१) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रहि तोकिएको नर्मस प्रयोग गर्नुपर्ने र उप नियम ४ अनुसार लागत अनुमान तयार गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने तथा नियम १२३(ख) मा बिल विजक भुक्तानी गर्दा वस्तविक कार्य सम्पादन र दररेटको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले उपभोक्ता समिति तथा फर्मबाट गरेको देहायका निर्माण कार्य पि सि सि फर आर सि सि १:१.५:३ र १:२:४ मिक्सको ढलान कार्यमा पालिकाले तयार गरेको दर बिष्लेषणमा प्रति घनमिटर रु १०८१०.उल्लेख भएकोमा भुक्तानी गर्दा लागत अनुमानमामानै प्रति घनमिटर १०८६१।७५ round aggreget राखेको कारण बिओक्यू तथा उस बिलमा रु ११०८६०.० कादरले भुक्तानी गरी प्रती घनमिटर रु ५०।० का दरले थप भुक्तानी गरेको देखिएको छ।यसरी स्थानीय श्रोत साधनको उपलब्धतालाई समेत विचार गरी तोकिएको दर र किफायति नर्मस प्रयोग गरी निर्माण कार्य गराउनुपर्नेमा फरक दर प्रयोग गरी पालिकालाइ वढी व्ययभार पर्न गएको देखिन्छ ।यस सम्बन्धमा नमुना परक्षण गरेका भौचर तथा कार्यक्रममा निम्नानुसार बढि भुक्तानी हुन गएको देखिएकाले उक्त रकम सम्बन्धित फर्म तथा उपभोक्ता समितिका अध्यक्ष समेतवाट असुल हुनुपर्ने रु.

भौ नं र मिति	योजनाको नाम	उस /फर्मको नाम	स्वीकृत दर	भुक्तानी दर	फरक दर	परिमाण	बढि भुक्तानी भ्याट समेत
१४।८०।७।१	श्रीरामको घर देखि छटि घाट सम्म मुल सडकमा ढलान कार्य	पारसनाथ कन्ट्रक्सन	१०८१०	१०८६०	५०	३६।८५	२०८२
२५।८०।९।११	वेलटारीमा सडक ढलान कार्य	आकृर्ती कन्ट्रक्सन	१०८१०	१०८५०	४०	३०।३७	१३७३
२५७।८०।३।२३	माथा वावाको अधुरी सीढी र गेट	दुग्देश्वर महादेव मन्दिर निर्माण उस	१११२२।७५	१११६७।२५	४४।५०	८१।३४	४०९१
५०।८०।१०।१२	पश्चिम टेकुली मुल सडक देखि मुस्लिम टोल जाने वाटो ढलान कार्य	सातोमाई कन्ट्रक्सन प्राली १:२:४	९६२५।५०	९६७०।०	४४।५०	४५।८६	२३०६
५१।८०।१०।१२	रामपुर छटिघाट सडक ढलान कार्य	हनुमान १:२:४ कन्ट्रक्सन	९६२५।५०	९६७०	४४।५०	२२।९५	११५५
५२।८०।१०।१२	वकिलमियाको घर देखि हैदर अन्सारीको घर सम्मनाला निर्माण	रजनिस १:२:४ कन्ट्रक्सन	९६२५।५०	९६७५	४९।५०	२५।५५	१४३०
५६।८०१०।२१	कन्चनपुर नेक महम्मदको घर देखि रानाधारी मुखियाको धर सम्म सडक ढलान	नभया निर्माण सेवा १:२:४	९६२५।५०	९६५०	२४।५०	४५।७६	११२२
५७।८०।१०।२१	सोनबर्षा चौक सैनुलाल अंसारीको घर देखि वृक्षा हजाराको घर सडक ढलान	रासिका १:२:४ निर्माण सेवा	९६२५।५०	९६६३	३७।५०	४५।०५	१९०९
७६।८०।११।०८	निचुटाको जितन साहको घर देखि देवतालदाशकव घर सम्म सडक ढलान	सडक नाला निर्माण उस १:२:४	८९०६।९०	८९५१।९०	४५	२५।०५	१२७४
७७।८०।११।८	द सुगौलि बेदा राउतको घर देखि पथरैया जाने वाटोमा नाला तथा सडक ढलान	नाला तथा सडक ढलान उस १:२:४	८९०६।९०	८९५१।९०	४५	२३।११	११७५
८१।८०।११।१७	कन्चनपुरको मुल सडक ढलान कार्य	द्वेश्वर महादेव मल्टीप्रपोज प्रा ली १:२:४	९६२५।५०	९६७०	४४।५०	४६।७१	२३४९
८८।८०।११।२८	लक्ष्मीपुर गाउमा अधुरो सडक ढलान	जुन कन्ट्रक्सन प्रा लि १:२:४	९६२५।५०	९६७०	४४।५०	२४।८०	१२४७
९०।८०।११।२९	माथा टोलमा बिष्णु लामा घर देखि डाक्टरको घर सम्म सडक ढलान कार्य	रंजना निर्माण सेवा १:२:४	९६२५।३०	९६६३	३७।५०	४८।८५	२०७०
१०५।८१।१।४	मनिअर्वा मुल सडकमा नाला निर्माण कार्य	नारायण १:२:४ निर्माण सेवा	९६२५।५०	९६५०	२४।५०	५३।१९	१४७३
१०८।८१।१।४	बिश्राम टोल सामुदायिक भवन निर्माण	भवन निर्माण उस १:२:४ up plainth leabel	१११२२।७५	१११६७।७६	४५।०१	२१।०५	१०७०
१२०।८१।१।२०	शिव मझरिया कल्भर्ट निर्माण	नारायण १:२:४ निर्माण सेवा	९६२५।५०	९६७०	४४।५०	२४।२१	१२१७

जम्मा रु	२७३४३

असुल गर्नुपर्ने	२७,३४३

३८.५ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** – पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले गाउपालिका पूँजीगत शिर्षकमा जम्मा रु १२०४७८०००।० खर्च गरेकोमा निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका चालु प्रकृतिका खर्च, आर्थिक सहायता,कार्य सन्चालन खर्च लागयत लाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट खर्च भुक्तानी दिएको पाईयो ।यसप्रकारले खर्च प्रवृतिमा पालिकाले यथासम्भभव नियन्त्रण तथा सुधार गर्नुपर्दछ । जसका उदाहरण निम्न अनुसार छन्

क्र सं	भौचर नं मिति	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
१	८७।८०।११।२४	नेरामा बि निचुटा	शैक्षिक भ्रमण	७५०००
		नेरामा बि रंगपुर राडी	शैक्षिक भ्रमण	७५०००
		नेरामा बिसुगौली दाप	शैक्षिक भ्रमण	७५०००
२	१५१।८१।२।२०	ज्योति एडभरटाईजिङ प्रालि	विज्ञापन प्रसारण	१२१०२२
३	१६६।८१।३।१८	प्रवलवाणी एजेन्सी प्रालि	विभिन्न सूचना प्रसारण	१३९३००
४	१९२।८१।३।३१	वडाध्यक्ष्य अब्दुल किदर अंसारी	धर्म सस्कृर्ति धोती चोली वितरण	१०००००

३८.६ **पूर्वनिर्धारित क्षतिपूर्ति :**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **५,३४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **विज्ञापन प्रकाशनः** विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ (ख) र विज्ञापन नियमन गर्ने नियमावली (संशोधन सहितको) २०७७ को नियम ५ (ख) दररेटको आधारमा विज्ञापन खर्च भुक्तानी गर्नुपर्ने ब्यबस्था रहेको छ । तर पलिकावाट बिभिन्न किसिमका सूचना तथा विज्ञापन प्रकाशन गर्दा विभिन्न संचारमाध्याम तथा पत्रिका मार्फत गर्दा सरकारी निकाय गोरखापत्र तथा कान्तिपुर जस्ता पत्रिकाले प्रकाशन गरेको दररेट र तोकिएको दरमा पनि छुट दिने दर २५ प्रतिशत भन्दा कम दिने गरेको देखियो।यसरी विज्ञापन वा सूचना प्रशारण गर्दा एजेन्सीको सेवाशुल्क खुलाउने र तोकिएको दरमा छुट समेत गरी भुक्तानी दिने लिने गरेको देखिएन। विज्ञापन तथा सूचना प्रकाशन गर्दा नियमको पालना गरेर मात्र विज्ञापन गराउनु पर्नेमा निम्नानुसार घटी छुट लिएको देखिएकोले सम्बन्धितवाट असुल हुनु पर्ने रु.

भौचर नं मिति	विवरण	कोलम संख्या	भुक्तानी दर	छुट हुनुपर्ने दर	छुट गरेको दर	फरक दर	छुटमा फरक मुअ कर समेत
१५१।८१।०२।२०	ज्योती एडभरटाईजिङ् एण्ड मार्केटिङ्ग प्रभाव दैनिकमा	९०	१४००	२५ प्रतिशत	१५ प्रतिशत	१० प्रतिशत	१४२३८
१६६।८१।१।१२	विभिन्न सुचना प्रकाशन गरेवापत प्रबलवाणी दैनिकमा १९९००। का दरले ७ वटा पान विल मार्फत १३९३००।० भुक्तानी गरेकोमा करकट्टा तथा छुट दिएको देखिएन।						

असुल गर्नुपर्ने	१४,२३८

४० **गुणस्तर परीक्षण प्रतिवेदन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ को नियम ५७ मा प्रत्येक सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल¸ भरपाई तथा अन्य कागजात शिलशिलावद्व रुपमा राख्नुपर्ने व्यवस्था छ । विगत वर्षमा सम्झौता भई वहुवर्षीय योजनाको रुपमा रहेका वा चालु बर्षमा संचालित अधिकांस निर्माण सम्बन्धि कार्यमा प्रयोग भएका निर्माण सामाग्रीको गुणस्तर परीक्षण गरी सोको प्रमाण पत्र संलग्न गर्ने गरेको देखिएन । तोकिएका आइटमको Quality Test Report पेश नभएकोले गुणस्तर सम्वन्धमा आश्वस्त हुने आधार देखिएन । तोकिय बमोजिम योजनाको निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्रीको गुणस्तर परीक्षण गराई योजनाको दीगोपन कायम गर्नुपर्ने देखिएको छ ।

४१ **ट्याक कोट** -सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले वडा नं ५मनिवअर्वा चोक देखि निचुटा सुगौली हुदै रेञ्जपोष्ट सोनबर्षा सडक निर्माण ब्यबसायी राजेश कन्ट्रक्सन भएकोमा उक्त सडक कालोपत्रे कार्यमा ट्याक कोट ३८७.५० स्कवायर मिटर को स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा औसत ६० प्रतिशतले हुने परिमाण २३२.५ हुनुपर्नेमा २८०।३५ बढी हुने गरी औसत ७० प्रति लिटरका दरले भुक्तानी दिएको देखियो । पालिकाले प्रति लिटर रु १०४।० बढी हुने गरी भुक्तानी दिएको परिमाणले हुने रकम असुल गर्नु पर्ने रु.५६२३।०

असुल गर्नुपर्ने	५,६२३

४२ **प्राईम कोट बढि परिमाण** - सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE मा प्राईम कोट प्रति वर्ग मिटर औषत ०.९ देखि १ लिटर हुने उल्लेख छ। पालिकाले वडा नं ५मनिवअर्वा चोक देखि निचुटा सुगौली हुदै रेञ्जपोष्ट सोनबर्षा सडक निर्माण ब्यबसायी राजेश कन्ट्रक्सन भएकोमा उक्त सडक कालोपत्रे कार्यमा प्राईम कोट परिमाणमा गतबर्षको ३७४।५ स्क्वायर मिटरमा यस बर्षको थप परिमाण समेत ३८७।५० स्क्वायर मिटर हुनुपर्नेमा ४००।५० भई १३ स्क्वार मिटर बढि देखिएको छ ।यस बर्षको उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी दिएको बिओक्यु दर रु ११५।० का दरले रु १४९५।० मुल्य अधिवृद्धी कर समेत रु १६९०।० थप भुक्तानी दिएको देखियो । बढी हुने गरी भुक्तानी दिएको परिमाणको रकम असुल गरी सञ्चितकोष दाखिला गर्नु पर्ने रु.१६९०।०

असुल गर्नुपर्ने	१,६९०

४३ **फोहरमैला व्यवस्थापन** : फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४४ **लागत सहभागिता** : भौचर नं ०८।८१।२।२३ सशर्त अनुदान अन्तरसरकारी वित्त ब्यबस्थापन ऐन,२०७४ को दफा ९ मा सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्बियन सम्बन्धमा आबस्यक शर्त तोक्न सक्ने ब्यबस्था छ ।उक्त रकम आर्थिक बर्षभित्र खर्च नभई वचत भएमा त्यस्तो वचत रकम स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत फिर्ता गर्नुपर्ने ब्यबस्था छ ।साथै वडा नं ४ सामपुर सोनबर्षा गाहिखोला नौरंगिया झोलुङ्गेपुल निर्माण कार्यको लागी लागत अनुमान रु ७७०४५८।(फेब्रिकेट सामान बाहेक) उपभोक्त समिति,गाउँपालिका स्वाप केन्द्रिय झोलुङ्गे पुल आयोजना समेतको त्रिपक्षिय सम्झौता अनुसार पालिकावाट कुल लागत अनुमानको रु २७२८५।० उपभोक्ता समितिबाट रु २९९६७।० र बाँकी केन्द्रबाट लागत साझेदारीमा आयोजना संचालन गर्ने गरी सम्झौता भएको देखिन्छ।पालिकाले गाहिखोला नौरङ्गीया नदी झोलुङ्गेपुल निर्माण कार्यकालागी कुल मुल्यांकन रकम रु ७३६४५८।० पालिकाबाट रु २७२८४।० सहभागिता जनाउनु पर्नेमा उस बाट रु २९९६७।० मात्र सहभागिता गरेको र पालिकावाट हुने सहभागिता पालिकाले संघिय सशर्त बजेटवाट नै खर्च लेखेको नियम सम्मत नदेखिएकाले पालिकावाट फिर्ता गरी संघिय संचितकोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२७,२८४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : पटेर्वा सुगौली गाउँपालिका, पर्सा , पटेर्वासुगौली गाउँपालिका , पर्सा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	संदेश कुमार यादव	२०७८-५-१	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	देवनाथ साह	२०८०-७-२३	
लेखा प्रमुख	सोनु कुमार सोनी	२०७८-१०-१२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९९१,८१२	३०६,८००	५,८९४,८६२.८	०	०	८६२,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					८,०५५,४७४.८
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१,१६४,८७९
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					६,८९०,५९५.८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३२९२९५९०.६४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२४६३८९०००	चालु खर्च	२२३८९८९८०.३५
प्रदेश सरकारबाट अनुदान	१०४४८०००	पूँजीगत खर्च	१३७८३४१७४.५
राजश्व बाँडफाँट	८३९११०१०.५३	वित्तीय/अन्य व्यवस्था	१४४५५३५९२.३
आन्तरिक आय	२३४५९८७५		
अन्य आय	१२८८३५८६३.५२		
कुल आय	४९३०४३७४९.०५	कुल खर्च	५०६२८६७४७.१५
बाँकी मौज्दात		१९६८६५९२.५४	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।